# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



'पाटी विहार' थिमि स्थित निर्माणाधीन स्वयम्भू [illegible] आकार स्तुप भित्र ३००० किलो तामाको बुद्धमूर्ति।

DHARMAKIRTI


**जनै पूर्णिमा**

वर्ष–२१; अङ्क–५

**२०६० भाद्र महिना**

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाइँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


| | | | |
|---|---|---|---|
| १. | बुद्ध-वचन | - | १ |
| २. | सम्पादकीय- यथावादी तथाकारी बुद्ध | - | २ |
| ३. | कोदालीको लोभै गजब | - भिक्षु संघरक्षित | ३ |
| ४. | बुद्धलाई वन्दना गर्छौं | - सुवर्ण बज्राचार्य | ४ |
| ५. | शुभकामना | - सुमेधावती | ४ |
| ६. | दुःख र यसका हेतुहरू | - आचार्य श्रीधर राणा | ५ |
| ७. | मार विजय | - डा. गणेश माली | ७ |
| ८. | चिन्न सकिनँ बुद्ध ! | - 'ज्योति' शाक्य | ८ |
| ९. | थाईलैण्डमा बर्मिज-नेपाली र बैशाख पूर्णिमा | - सुजनो भिक्खु | ९ |
| १०. | प्रव्रज्या जीवनया छ्फुति नसला | - अमीर कुमारी शाक्य | १० |
| ११. | २५४७ औं बुद्धजयन्तीको उपलक्ष्यमा ललितपुर ... ... | - भिक्षु आनन्द | ११ |
| १२. | दिव्य शक्ति | - पी.एन. ज्ञवाली | १३ |
| १३. | ओतप्प (डर)-४ | - प्रकाश बज्राचार्य | १४ |
| १४. | छलफल | - मेघदूत | १६ |
| १५. | बाल आश्रमलाई सहयोग | - | १६ |
| १७. | धर्मकीर्ति विहार-गतिविधि | - | १९ |
| १९. | धर्म प्रचार-समाचार | - | २५ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया ध्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन: ४२५८ ९५५, ४२२४ ९१२

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन: ४२५३ १८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७६ ९०८

सह-व्यवस्थापक
धुवरत्न स्थापित
फोन: ४२५७ ५७२

सम्पादक
भिक्षुणी वीर्यवती
फोन: ४२५९ ४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५९ ११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन: ४२५९ ४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति बिहार
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५९ ४६६

बुद्ध सम्वत् २५४७
नेपाल सम्वत् ११२३
इस्वी सम्वत् २००३
बिक्रम सम्वत् २०६०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | ६/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A Buddhist Monthly

AUGUST 2003

| वर्ष- २१ | अङ्क- ५ | गुन्हु पुन्ही | भाद्र २०६० |
|---|---|---|---|





★ शील (चरित्र) भ्रष्ट मनुष्यको पाँच प्रकारबाट नाश हुन्छ :

१) दुराचरण (नराम्रो बानी) ले उसको सम्पत्ति नाश हुन्छ,
२) उसको अपकीर्ति फैलिन्छ,
३) कुनै पनि सभामा उसको प्रभाव पर्दैन,
४) शान्तिसँग उसले मृत्यु पाउँदैन,
५) मरेपछि उसले राम्रो गति पाउँदैन ।

★★★

★ सदाचारी मनुष्यलाई निम्नलिखित फाइदा हुन्छन् :

१) सदाचरणले उसको सम्पत्तिको वृद्धि हुन्छ,
२) उसको कीर्ति बढ्छ,
३) हरेक सभामा उसको प्रतिष्ठा हुन्छ,
४) शान्तिसँग उसले मृत्यु पाउँछ,
५) मरेपछि पनि उसको गुणगान हुन्छ ।

# यथावादी तथाकारी बुद्ध

भगवान बुद्धका धेरै विशेषताहरू छन्। उहाँ शान्तिका मार्ग प्रदर्शक हुनुहुन्छ भन्ने कुरा त हामी सबैलाई थाहा भएकै कुरो हो। अरुलाई शान्तिको बाटो देखाउनु भन्दा पहिले उहाँ आफू यथावादी तथाकारी वनी देखाउनु भयो। अर्को शब्दमा भन्ने हो भने उहाँले जे बोल्नु हुन्छ, त्यसलाई काम गरेरै देखाउनु पनि हुन्छ। त्यसैले उहाँको महापरिनिर्वाण (मृत्यु) भएर २५४७ वर्ष बितिसक्दा पनि उहाँको सम्मान तथा गौरब गर्ने व्यक्तिहरूको संख्यामा कमी भएको छैन। अझ वृद्धि मै भइरहेको देखिन्छ।

तर आजभोली धेरैजसो मानिसहरू शान्तिको चाहना भने खूब गर्छन्, शान्ति विषयमा खूब भाषण पनि गर्छन् तर शान्ति प्राप्त हुने कार्य भने गरिरहेको देखिंदैन। अशान्ति किन र कसरी भइरहेछ भन्ने कारण पत्ता लगाउने र त्यस प्रमुख कारणलाई हटाउने कार्य गर्न सकिरहेको छैन। यसरी धेरैजसो क्षेत्रमा, धेरैजसो व्यक्तिहरूमा कुरा गराई र काम गराईमा फरक आइरहेको कारणले नै शान्ति शब्दलाई मुखले जप्ने शब्दको रुपमा मात्र लिइरहेको देखिन्छ। शान्तिलाई प्राप्त गर्न भने सकिरहेको छैन। यसलाई प्राप्त गर्नको लागि बुद्धको शिक्षा जस्तै यथावादी तथाकारी उपायलाई अपनाउनु जरुरी देखिन्छ।

गौतम बुद्धले शान्तिको कुरा गर्नु भन्दा पहिले त्यसको लागि आवश्यक आठवटा मार्गहरूलाई जनमानस समक्ष यसरी प्रस्तुत गर्नुभएको थियो–

१) ठीक दृष्टि २) ठीक नियत ३) ठीक बोली ४) ठीक कार्य ५) ठीक आजीविका ६) ठीक प्रयत्न ७) ठीक स्मृति र ८) ठीक एकाग्रता।

यथावादी तथाकारी बन्नका लागि सबभन्दा पहिला हाम्रो दृष्टि सोझो हुनु, नियत ठीक हुनु र बोली शुद्ध हुनु जरुरी छ। बोली ठीक हुनको लागि झूठो कुरा नगर्ने, चुकली नगर्ने, कडा वचन प्रयोग नगर्ने र व्यर्थका अव्यवहारिक कुरा नगर्ने बानी बसाल्न आवश्यक छ। सत्य कुरा बोले जस्तै काम पनि सत्यमा आधारित नै हुनुपर्छ। कुरा मात्र शान्तिप्रिय तर काम भने अशान्ति पुऱ्याउने हुनु हुन्न। यथावादी तथाकारी हुन सकेन भने परस्पर अविश्वासको अवस्था सृजना हुन जान्छ।

आजभोली सरकार र माओवादी बिच पनि अविश्वासको स्थिती सृजना भएको देखिन्छ। यसरी एक आपसमा अविश्वासको स्थिती रहुञ्जेल शान्तिले स्थान लिन सक्दैन। फलस्वरूप शान्ति वार्ता भन्दा भन्दै अशान्तिको वातावरण छाइरहेको छ। शान्त र शीतल आकाशलाई अशान्ति रुपी कालो बादलले ढाके जस्तै। यसको प्रमुख कारण नै यथावादी तथाकारीको अभाव हो।

बुद्धले देखाउनु भएको शान्ति मार्गमा छलकपटको कुनै गुञ्जाइस छैन। अर्को शब्दमा भन्ने हो भने चित्त शुद्ध पारी बोले जस्तै त्यसको कार्यान्वयन पनि हुनुपर्दोरहेछ। अशान्तिको प्रमुख कारण र समस्या पत्ता लगाई त्यसको निराकरण गर्न सकेमा मात्र शान्ति स्वत कायम हुनेछ। त्यसकारण यथावादी तथाकारी नै शान्तिको बाटो हो। यही बुद्ध शिक्षा हो।

Downloaded from http://www.dhamma.digital

# कोदालीको लोभै गजब

✍ भिक्षु संघरक्षित, संघाराम

पहिला पहिला एकजना साऱ्है गरीब किसान थियो । उसँग खानलाई, लाउनलाई, बस्नलाई कुनै पनि कुराको सुविधा थिएन । धनसम्पत्तिको नाममा उसँग कोदालि एउटामात्र थियो । त्यसैबाट खेतमा काम गरी जसो तसो जीविका गरिराखेको थियो ।

बिहान खायो, दिउँसो के खाउँ भन्ने पीर । दिउँसो खायो, राती खान पाउने हो कि होइन भन्ने चिन्ता । फेरि राती खान पाइहालेमा पनि भोलि हातमुख जोर्न पाइने हो कि होइन भन्ने पीर । यस्तो दरिद्र र गरीब जिन्दगी बाँच्न बाध्य थियो– उसलाई । आखिर गरीब नै त पऱ्यो ।

यस्तो जीवनदेखि दुःखित त्यो किसानले एकदिन विचार गऱ्यो– "अभावै अभावको गरीबीमा दुःख र कष्ट सहेर के बाँचिराख्नु ? पेट एउटा पाल्न पनि दिनभरि पसिना बगाएर भ्याइनभ्याई छ । कडा परिश्रम गरे पनि पेट कहिले भरिन्छ, कहिले भरिदैन । एक जोर राम्रो लुगा कहिल्यै लगाउन पाउँदिनँ । बस्ने छाप्रोको त के कुरा ! यस्तो जिन्दगी पनि जिन्दगी हो र ?"

निराश भएको किसानले अझ सोच्न थाल्यो- "पेट एउटा पाल्न अनि एक निन्द्रा सुत्न पनि यति धेरै गाऱ्हो ! बरू यो भन्दा राम्रो त सन्यासी बन्नुमा नै छ । अरूको घर-दैलोमा मागी-मागी भए पनि पेट भर्न त सकिहाल्छ नि ।"

विचार गर्दागर्दै उसले सन्यासी बन्ने नै निर्णय गऱ्यो । उसको सम्पत्तिको नाममा भएको कोदाली एउटालाई एक ठाउँमा सुटुक्क लुकायो । अनि ऊ सरासर हिमालयतिर लाग्यो - ऋषी बन्न भनेर ।

ऊ ऋषी पनि बन्यो । ऋषी भएर गर्नुपर्ने आचरण र व्यवहार गरेर बस्न थाल्यो । खानको लागि अरूको घरमा भिक्षा मागेर वा जंगलमा भएका फलफूल कन्दमूलबाट पेट भर्न थाल्यो ।

समय बित्दै गयो । जब बर्षात्काल शुरू भयो, खेतमा काम गर्ने समय भयो, तब त्यो ऋषीलाई घरमा हुँदाको कोदाली याद आयो । आफूले लुकाएर ल्याएको कोदालीमात्र सम्झेर उसले विचार गऱ्यो– "आ ऽऽऽ ऋषी भएर अरूको घरदैलोमा भिक्षा मागेर खानु पनि सजिलो रहेनछ । कहिले कस्तो कहिले कस्तो । फेरि खुशीले दिए पनि कोहीले गालि पनि गर्छन् । बरू..."

उसले मनलाई परिवर्तन गर्दै विचार गर्न थाल्यो- "...बरू म गृहस्थीमा फर्कनु नै राम्रो होला । मेरो कोदाली छँदैछ । त्यसैबाट काम गरेर बाँच्न त सकिहाल्छ नि । हो, म घरमै फर्कन्छु ।"

ऊ ऋषीभाव छोडेर घरमा फर्क्यो । आफूले लुकाएर राखेको कोदाली झिक्यो । अनि त्यसले अरुको खेतमा काम गर्दै जिविका गर्न थाल्यो ।

केही दिन राम्रै लागे पनि फेरि उसलाई आफ्नो जिन्दगीदेखि नरमाइलो लाग्यो । आफ्नो कडा परिश्रमबाट पनि एउटा पेटको नोकर बन्नुसिवाए केही भएन । बरू ऋषी भएर जानुमा नै ठिक लाग्यो । ऊ फेरि आफ्नो कोदालीलाई लुकाएर ऋषी हुन गयो ।

ऋषी भएर पनि धेरै समयसम्म ऊ खुशी हुन सकेन । फेरि आफूले लुकाएर आएको कोदाली झसझस् सम्झेर आयो । त्यही कोदालीको मायामा ऊ घरमा फर्क्यो र काम गरेर खान थाल्यो ।

घरमा पनि ऊ धेरै समय मनलाई आनन्द पारेर बस्न सकेन । घरको जिन्दगी दुखद र झन्झटले भरिएको जस्तो लाग्यो । ऊ फेरि ऋषी भएर नै गयो ।

सातौं पटकमा पनि उसलाई घरमा बस्न मन लागेन । जतिसुकै काम गरे पनि खानमा मात्र ठिक्क हुने र फेरि अर्कोपल्ट के खाऊँ, के खाऊँ हुने । ऊ अब पनि ऋषी भएर नै जाने विचार गऱ्यो ।

यसपल्ट ऊ नफर्किने गरी ऋषी बन्ने विचार गऱ्यो । उसले आफू बारंबार ऋषी भएर पनि गृहस्थीमा फर्कन परेको कारणलाई विचार गऱ्यो । उसले आफूसंग भएको कोदाली सम्झेर नै घर फर्कनु परेको कारण जान्यो । अनि त्यो कोदालीलाई नै पहिला छोड्ने विचार गऱ्यो ।

कोदाली छोड्नु उसलाई धेरै गाऱ्हो भयो । अरू कसैलाई दिउँ भने फेरि आएर माग्न आउन के बेर । कहीं लुकाऊँ भने खोज्न आउने भइहाल्यो । धेरै विचार गरेर अन्तमा उसले कोदालीलाई नदेखिने गरी ठूलो खोलामा फाल्ने विचार गऱ्यो ।

कोदाली लिएर ऊ खोलामा पुग्यो । त्यहाँ पनि

फालेको ठाउँ देखेमा फेरि खोज्न आउने संभावना देखायो । तसर्थ उसले कोदालीलाई बेसरी डोरीले बाँध्यो । अनि आँखा चिम्लेर फन्फन्ति घुमाउँदै ठूलो खोलामा घुम्तिमा फालिदियो । केही समयपछि आँखा खोल्यो । उसले त्यहाँ खोलाको हलचलसमेत देखेन ।

कोदालीलाई त्याग्न सकेकोमा ऊ धेरै खुशी भयो । मनभित्रको लोभलाई जित्न सकेकोमा साह्रै रमायो । अनि हर्षले ठूलो स्वरमा भन्न थाल्यो– "मैले जितें, मैले जितें ।"

त्यही समयमा त्यस देशको राजा त्यहींबाट जाँदै थियो । ऊ आफ्ना शत्रुलाई लडाइँमा जितेर राजदरबार तिर फर्कँदै थियो । अचानक कोही जोडले "मैले जितें..." भन्ने आवाज सुनेर राजा त. तर्सिए । हत्तपत्त आफ्ना मन्त्रिहरूलाई, सेना तथा गुप्तचरहरूलाई यथाहाल बुझ्न ठाउँ-ठाउँमा खटाइदिए । राजा स्वयं त्यो मान्छेकहाँ गए ।

त्यो मान्छेको नजिक पुगेर राजाले सोधे– "हे पुरुष ! मैले त शत्रुलाई तिजेर आएँ । तर तिमी यहाँ 'मैले जितें..." भनेर चिच्याउँदै छौ । तिमीले कसलाई जित्यौ ? के जित्यो ?"

त्यो मान्छेले जवाफ दियो- "भो महाराज ! सयौं लडाईं लडेर जित्नु पनि वास्तविक जित्नु त होइन । बरू मान्छेभित्र लुकेर रहेको लोभलाई जित्न गाह्रो छ, मनको आसक्तता र टाँसिने स्वभावलाई जित्न गाह्रो छ । आज मैले आफ्नो लोभलाई जितेको छु । त्यसैले म त्यसरी 'मैले जितें..." भनी चिच्याएको हुँ ।"

उसको कुरा सुनेर राजाले सन्तोषको श्वास फेरे । ऊ दुक्क भयो । अनि उसको कुरामा प्रसन्न पनि भयो । पछि राजा पनि त्यही मान्छेको शिष्य बनेर हिंड्यो ।

यता त्यो मान्छेले कोदालीलाई छोडेर ऋषी हुन गयो । यसपाली ऊ कोदालीलाई सम्भेर फर्केन । बरू ऋषीचर्या तथा तपस्या गरेर पछि ठूलो ध्यान-ज्ञान पनि प्राप्त गऱ्यो । ऊ आनन्दले आफ्नो जीवन विताई आफ्नो कर्म अनुसार परलोक भएर गयो ।

*[स्रोत: कुद्दाल जातक]*

## बुद्धलाई वन्दना गर्छौं

सुवर्ण बज्राचार्य

बुद्ध धर्म संघमा हरदम
भक्तिभाव अर्चना गर्छौं
आस्था सबका शान्ति नायक
बुद्धलाई वन्दना गर्छौं ।

चाहिन्न हामीलाई युद्ध र हिंसा
भोलि त आफैं मर्नु छ
आपसी हिंसा युद्ध मचाई
बर्वादी केलाई गर्नु छ ।

बुद्धको देश शान्तिको भूमी
इतिहास हाम्रो रोएको छ,
सत्यको सन्देश धर्मको उपदेश
मानव रगतले धोएको छ ।

प्रेमले बाँचौं शान्तिले बाँचौं
धरतीको रक्षा हाम्रै हो,
रागले होइन द्वेषले होइन
मैत्री करुणा हाम्रै हो ।

## शुभकामना

सुमेधावती, धरान ।

शुभकामना छ धम्मवती गुरुमां तपाईंलाई
प्रत्येक वर्ष शुभकामना दिन उत्साहित छु
प्रत्येक वर्ष शुभकामना पूजा गर्न पाईरहुँ
हाम्रो भावना नै सदा यही रहोस्
बुद्धानुभाव धम्मानुभावले सुस्वास्थ्य रहिरहोस्
गुरुको छत्रछायाँमा रहेर यो जीवन सुधार्न पाइरहोस्

अनेकौं दुःख कष्ट भोगी बुद्ध शिक्षा अध्ययन गर्नुभयो
आफ्नो जन्मभूमीमा आउनु भई बुद्ध शिक्षा प्रचार गर्नुभयो
आज हामीले सरल रुपमा बुद्ध शिक्षा पाइरहेका छौं ।
तपाईंकै पुण्यको प्रभावले अभिधर्म शिक्षा सुन्न पाइरहेका छौं
दुःख के हो सुख के हो जिउने शिक्षा पाइरहेका छौं ।
नजिक टाढा भेदभाव केही नराखी मैत्री पाइरहेका छौं ।

गुरु विना पाइन शिक्षा कदापि यहाँ
आउने भविष्यमा पनि गुरुपूजा गर्न पाउँ
कोटी कोटी वन्दना गर्दछु तपाईलाई यहाँ



Downloaded from http://www.dhamma.digital

# दु:ख र यसका हेतुहरू

**आचार्य-श्रीधर राणा**

**तथापि मूले अनुपद्रवे दृढे छिन्नोऽपि वृक्षः पुनरवे रोहति।
एव मेव तृष्णा नुशयेऽनिहते निवर्तते दुःखनिदं पुनःपुनः ॥**
*(धर्मपद-२४-५)*

अर्थात्– "जसरी बलियो जरा भएको रूखलाई जरैसहित पूरै नाश गरिएको छैन भने माथिबाट काटिरहे पनि त्यो रूख फेरि फेरि पलाई राख्छ, त्यसै गरि तृष्णामा अनुशय धातु पुरै जरै सहित नष्ट नभएसम्म यो दु:ख बारम्बार उत्पन्न भइरहन्छ।"

वास्तवमा तथागतले जहिले पनि हेतुलाई केलाएर हेतु सहित दु:खको निरोध हुने उपाय बताउनु हुन्छ। त्यसैले वहाँले द्वादश निदानको, प्रतीत्यसमुत्पादको उपदेश गर्नुभएको हो। किनकि संसारको चक्र चलाइरहने यी हेतु नै हुन्। त्यसैले तथागतको उपमा सिंहसित दिइन्छ। सिंहको स्वभाव नै यस्तै हुन्छ कि जब कसैले उसलाई प्रहार गऱ्यो भने उसले प्रहार गरिएको वस्तुको पछि लाग्ने काम गर्दैन, परन्तु जसले उसलाई उक्त वस्तुले प्रहार गरेको हो उसैको पछि लागेर उसलाई आक्रमण गर्छ। त्यस्तै तथागतले पनि दु:ख आदिलाई सोझै नहेरेर समुदयलाई हेर्नुहुन्छ र समुदयको प्रहाण गरेर नै दु:खको प्रहाण गर्नु हुन्छ र त्यही सिकाउनु हुन्छ। यो तरीका अन्य मतालम्वीहरूमा धेरै नपाईने भएकोले शास्त्रहरूमा अन्य मतालम्बीलाई "कुकुरको तरीका अपनाउने" भनेर उल्लेख गरिएको हुन्छ। जस्तै भनिन्छ कि कुकुरलाई केही कुराले हानियो भने हान्ने वाला तिर भन्दा पहिले आइलागेको वस्तुतिर कुद्छ।

अहिले भौतिकवादीरूको शैली पनि त्यस्तै कुकुरे शैली छ। दु:खलाई नै हटाउने प्रयत्न गर्ने समुदयतिर ख्याल नगर्ने। आखिरमा भोलि फेरि दु:ख आउछ किनकि समुदयलाई त केही गरिएको छैन। यसको ज्वलन्त उदाहरण त अहिलेका सस्तो चिकित्सापद्धति प्रत्यक्ष छ। कुनै बिरामीमा ज्वरो देखियो भने तुरून्तै त्यसलाई हटाउन प्रतिजैविकी (Antibiotics) दिइहाल्ने, बिरामीको मूल हेतु (समुदय) के थियो नखोज्ने। त्यसको फल के त भन्दा खेरि रोगका भाइरसको प्रतिरोध (Resistence) क्षमता बढ्न जानु र भोलि शरीरले झनै रोगसंग लड्न नसकेर पटक पटक दु:ख पाइरहनु। त्यसैले समुदयतिर ध्यान नदिंदा खेरि दु:खहरूको पूर्णरूपमा निरोध हुँदैन।

अन्तगत, जस्तै तीर्थिकहरूको प्रणालीमा पनि त हेतु त बताइएकै हुन्छ र त्यसलाई हटाउन भनेरै मार्ग सिकाइएको हुन्छ भने आखिर तथागतको मात्र त्यस्तो विशेषता के रह्यो र तथागतलाई मात्र सिंह समान भन्ने?

हेतु भनेको त्यो हो जसको कारणले उक्त फल उत्पन्न भएको हुन्छ। तीर्थिक आदि मतहरूमा भनिएका हेतुहरू कै कारणले संसार घुम्ने र दु:ख पाइरहने रूपी फल उत्पन्न भएको हो त? के आदमले स्याउ खाएकै कारणले हामीले आज दु:ख पाइरहेका छौं त? के गोव्रत, श्वानव्रत, एकादशी व्रत, सोमवारे व्रत आदि नगरेकै कारणले हामीलाई यो दु:ख भइरहेको छ त? व्रह्मले **"एकोऽहं बहुस्याम्"** भनेर सृष्टि गर्ने इच्छा गर्नाले हामीले यो दु:ख पाइरहेका छौं त? यदि दु:ख आइरहने भए त हामीले अहिले जति प्रयत्न गरेर ब्रह्मज्ञान गरी त्यसमै विलीन भए पनि पछि फेरि व्रह्माले **"एकोऽहं बहुस्याम्"** भन्ने संकल्प गरेर अर्को सृष्टि गर्दा उसका अंश हामी पुन: संसारमा निस्किने छौं। अनि त हाम्रो दु:खको कसरी अन्त्य भयो त? इत्यादि अन्य मतमा धेरै प्रकारका हेतुहरू दिइएका छन् जो वास्तवमा हेतु नै होइनन्। अर्को शब्दमा भन्ने हो भने दु:खको समुदय के हो भन्ने विषयमा बौद्ध र अन्य सम्पूर्ण प्रचलित धर्महरूको मान्यतामा अत्यन्त ठूलो अन्तर छ र दुई विपरीत ध्रुवका कुरा जस्ता हेतुहरू प्रतिपादित गरिएका छन्। बुद्धले बताएको समुदय संग अरू कसैले बताएको समुदय पनि मिल्दैन। बौद्ध मार्ग बुझ्नको लागि यि कुरा स्पष्ट बुझ्नु आवश्यक हुन्छ। यि कुरामा ख्याल राख्दा अन्य धर्म? मतहरूमा परमानन्द, सतचितानन्द, आदी भनेर बताइने अबस्थाहरू पनि बौद्ध मतमा दु:ख भित्र र संसारकै सीमाभित्र पर्न जान्छन् भन्ने कुरा पनि सजिलरी बुझ्न सकिन्छ। पुरन्तु समुदयमा त पूरै उल्टो देखिन्छ। उदाहरणको लागि वेदान्तकै दृष्टिलाई हेरौं किनकि राजा समानको हिन्दू दृष्टि वेदान्तकै दृष्टि हो। त्यस अनुसार यो संसार चक्रको दु:खको समुदय के हो? अज्ञान। अनि त्यो अज्ञान के विषयको अज्ञान हो अर्थात के नजान्नु

अज्ञान हो त ? आत्मालाई नचिन्नु या नजान्नु अज्ञान हो र त्यसै कारणले यो दु:ख आइरहन्छ र जन्म मरणको चक्रमा फस्नु पर्छ । त्यस्तो कुनै प्रकारको आत्मा छैन भन्ने नजान्नु अज्ञान या अविद्या हो ।

अब हामी आफै विचार गर्न सक्छौं कि यो त पूर्ण रूपमा विपरित ध्रुवका समुदय रहेछन् । वेदान्तमा जेलाई ज्ञानको जरो भनिएको छ, बुद्धले त्यसैलाई अज्ञानको जरो भन्नु भएको छ । यति स्पष्ट कुरा हुँदा हुँदै पनि बाहिर-बाहिर चाहार्ने तथाकथित विद्वानहरूले आजसम्म पनि एउटै कुरा हो भन्दै हिंडीरहेका छन् ।

यसरी हामी देख्छौं कि समुदय सत्य नितान्त मौलिक र पहिले कसैले नबताइएको सत्य हो र तथागतले सर्वप्रथम उपदेश गर्नु भएको सत्य हो । परन्तु कसैले यो कुरा नबुझेर के पनि भन्ने गर्छन भने वेदान्तमा (ब्रह्मसूत्रमा) वदरायण (ब्यास) ले बताएको हेय, हेयहेतु, हान र हानोपायलाई सोझै बौद्ध चार आर्य सत्यसंग जोडेर चार आर्य सत्य बुद्धले वेदान्त दर्शन बाटै लिएका हुन् । यहानिर प्रसंगवशात् यी चार शब्दहरूको वेदान्तीय अर्थ दिन चाहन्छु ।

हेय - यहाँ हेय भनेको त्याग्नु पर्ने दु:खलाई नै हो तर दु:खको मूल स्रोत जड-तत्व भएकोले जड स्वाभाववाला शरीर आदि धर्महरू हुन् जो दु:ख-कारक छन् । त्यसैले तिनीहरूलाई हेय याने त्याज्य भनिएको छ ।

हेयहेतु - यो त्याज्य दु:खको खास कारण (हाम्रो भाषामा समुदय भने जस्तै) जडतत्व (शरीर आदि) लाई आत्मा भन्ने ठान्नु र त्यो आत्मा बेग्लै छ भन्ने बुझ्न नसकी यही शरीर, मन, बुद्धि आदिलाई नै आत्मा भन्ने ठान्नु हो ।

हान - यो जड तत्व शरीर आदिबाट भिन्दै आफ्नो शुद्धस्वरूप "आत्मा" मा आफूलाई प्रतिष्ठित गरिराख्नु ।

हानोपाय - यो त्यही आत्मतत्वको ज्ञान गर्ने मार्ग हो जसबाट उक्त जड भन्दा बेग्लै 'अहं ब्रह्मास्मि' भन्ने ज्ञान उत्पन्न हुन्छ ।

अब बिचार गर्न सकिन्छ कि यी चार ओटा कुराले आ-आफ्नो सन्दर्भमा चार आर्य सत्यले जस्तै भन्न खोजेका छन्, तापनि 'दु:ख सत्य' र यो 'हेय' मा धेरै अन्तर छ । त्यस्तै त्यो 'समुदय सत्य' र यो 'हेयहेतु' मा ठूलो अन्तर छ । त्यस्तै 'निरोध सत्य' र यो 'हान' मा कुनै पनि मेल छैन । त्यस्तै त्यो "मार्ग सत्य' र 'हानोपाय' मा पनि कुनै मेल छैन । फेरि ऐतिहासिक रूपमा ब्रह्मसुत्र धेरै पछाडिको ग्रन्थ हो । त्यसकारण वेदान्तबाट चार आर्य सत्य प्रभावित हुने भन्ने प्रश्नै उठ्दैन बरु चार आर्यसत्यलाई अनुकरण गरेर हेय, हेयहेतु, हान आदि व्यवस्था गरिएको हो । अन्तमा संसारमा नाम कमाएका प्रचलित हिन्दु धर्म, जैन धर्म आदि धार्मिक प्रणालिहरूले वकालत गर्ने कुरा र तथागतले निर्देश गरेका मार्गहरूमा फरक मात्र नभएर विपरित ध्रूवका छन भने साधु, सन्त, स्वामी, महाराज आदिको त कुरै के गर्नु ?

॥ त्रिरत्न शरणम् ॥

*[संकलन : विजय सर्गः ]*

---

**धर्मप्रचार** — **समाचार**

## पुस्तक र क्यासेट विमोचन

२०६० आषाढ २८ गते । बहुउद्देश्यीय मार्शल आर्ट केन्द्र, नयाँबजार ।

बौद्ध विद्वान प्रा. सुवर्ण शाक्यद्वारा लिखित पुस्तक "बुद्ध धर्म र व्यवहार" र बौद्ध गीत क्यासेट "शरण" क्रमश: भिक्षु अश्वघोष महास्थविर र भिक्षु ज्ञानपूर्णिक महास्थविरले एक कार्यक्रममा विमोचन गर्नुभएको समाचार छ ।

भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा भिक्षु श्रद्धातिस्सले स्वागत भाषण गर्नुभएको थियो भने भिक्षु कोलितले कार्यक्रम संचालन गर्नुभएको थियो ।

## धर्मचक्र प्रवतर्न दिवस

२०६० आषाढ २९ गते । भोजपुर टक्सार बौद्ध शाक्य समाजको आयोजनामा विविध कार्यक्रमकासाथ धर्मचक्र प्रवतर्न दिवस मनाइको समाचार छ ।

दाफा भजन, बुद्धपूजा, परित्राण पाठ एवं प्रवचन आदि कार्यक्रमको आयोजना गरी मनाइको सो सभामा प्रवचन गर्नुभएका प्रवचकहरू यसरी हुनुहुन्थ्यो– हीरालाल शाक्य, हर्षज्योती शाक्य, देव राज शाक्य आदि ।

श्री प्रदीप शाक्यले उक्त कार्यक्रम संचालन गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

# मार विजय

✍ डा. गणेश माली

सांसारिक प्राणीहरू पीडित छन्– काम, क्रोध, लोभ, भय, मोह, इर्ष्या, द्वेष, मात्सर्य आदि मानसिक विकारहरू अथवा चित्तमल अथवा क्लेशहरूको कारण। यिनै मानसिक विकारहरूको कारण प्राणीहरू, चोरी, डकैती, काम मिथ्याचार लडाई, झगडा, धोखा धडी, भ्रष्टाचार, मिथ्या वादन, हिंसा, आदि पापकर्ममा प्रवृत्त हुन्छन् यिनै पापकर्मरूका कारण संसारमा, दुःख, अशान्ति, तनावको आगो बलीरहन्छ, परिवारमा, समाजमा, देशमा, सारा संसारमा यिनै मानसिक क्लेश रुपी मारतत्वहरू साराका सारा मिलेर प्राणीहरूको मानस पटलमा आक्रमण गरीरहन्छन् – जन्मको साथै मारसैन्यको आक्रमण शुभ भैहाल्छ र मृत्युको घडीसम्म पनि जारीरहन्छ र त्यसपछि फेरी अर्को जन्मदेखि मृत्युसम्म – यसरी अनवरत रूपमा मारको आक्रमण चलीरहन्छ, सम्यक सम्बुद्ध हुनुअघि सिद्धार्थ कुमारलाई यी मारतत्वहरूले आफ्नो दलबल सहित आएर पथभ्रष्ट गर्न खोजे, अनेकप्रकारका डर त्रास, लोभ, मोह, काम आदि प्रलोभनहरूमा फँसाउन खोजे, तर आफ्नो मनोबल र पुण्यफलको कारण, संबोधिको लागि आफ्नो वज्र संकल्पको कारण, आफ्नो दल बल सहित मार हार मानेर फर्कनु पऱ्यो। यसलाई कलाकारहरूले मार विजयको रूपमा प्रस्तुत गरेका छन्। मार विजय पछि नै सिद्धार्थ कुमारको शान्त समाधिस्थ मन सम्यक् सम्बोधि तर्फ उन्मुख भयो – उनी बुद्ध अर्थात् सत्यलाई पूर्णरूपले बोध गर्ने शान्तिलाई समग्र रूपमा प्राप्त गर्ने विश्वका प्रथम महामानव, देव मनुष्यहरूमा पूजनीय धर्मानुशासक शास्ता तथागत अर्हत् सम्यक सम्बुद्ध भए।

भनिन्छ, त्यस पछि पनि पापी मारले बुद्धको पीछा गर्न छोडेनन्, कतै पथ भ्रष्ट गर्न सकिन्छ कि, गलत बाटोमा लगाउन सकिन्छ कि, कर्तव्यबाट च्यूत गर्न सकिन्छ कि भन्ने आशा लिएर पछिपछि लाग्दै थिए, समय समयमा कुमति उत्पन्न गराउने प्रयास गर्दै थिए, तर महापरिनिर्वाणको घडि सम्म पनि मारले कतै छिर्ने अवसर पाउन सकेन।

के हो यो मारतत्व भनेको ? यो त्यही तत्वहो जसद्वारा यो लोक आच्छादित छ, जसले लोकमा सकल प्राणीहरूको मानस पटलमा आश्रय लिएर संसारको दैनिक कामकाजहरूमा प्रवृत्त गराइ रहेका छन्; यो त्यही तत्वहो जो अविद्या विस्मृति को गर्भबाट निस्की अहंकार लाई अस्त्र बनाई रागद्वेष मोहादि क्लेशहरूको चक्रले प्राणीहरूलाई घुमाइरहेका छन्: मायाजाल, शैतान, डेभिल, आदि नामबाट पनि यस तत्व चिनिन्छ।

भनिन्छ, यस विश्वमा तीनै प्रमुख तत्वहरू छन्, (१) प्राणीहरू एकातिर छन्, (२) प्राणीहरूलाई आक्रान्त गरीरहेको र सांसारिक झंझटहरूमा प्रवृत्त गराउने मारतत्व आर्कातिर र (३) शान्त निर्वाण रूपी परम-तत्व आर्कातिर। जुन् घडीमा अभ्यास, साधना आदि उपायहरू द्वारा मारको बन्धनबाट प्राणीहरू छुट्छ, निर्वाणको अचल शान्ति उनीहरू पाउँछन्। चित्त लाई चंचल हुन बाट रक्षागरी मेधावीहरू शान्त समाधिस्थ पार्छन् र निर्वाण तिर लैजान्छन्।

मेधावी व्यक्ति आफ्नै प्रयत्नले इन्द्रिय संयम गरेर, वीर्यवान भई, शील समाधि र प्रज्ञाको मार्गमा लागेर, लोकमा अनाशक्त भई अप्रमादी स्मृतिवान बनी मारलाई जितेर परम तत्व प्राप्त गर्न सक्षम हुन्छ मार उपर विजयप्राप्त गर्ने यहीमात्र एक उपाय छ। इन्द्रिय संयम नगरी दुश्शील समाहित चंचल चित्त लिएर, लोकमा यता उता आसक्त भएर, लाखौं प्रार्थना गर्दै रुँदै कराउँदै गरे पनि मारले आक्रमण गर्न छोड्दैन।

मारको बारे भगवान बुद्धका यी कथनहरू मननीय छन् [धम्मपद बाट] :–

- इन्द्रिय संयम नगरी राम्रो देख्ने, भोजनमा मात्रा न जान्ने, कुत्सित, वीर्य हीन हुनेलाई बतासले रुख ढालेझैं मारले ढाल्छ। [श्लोक ७]
- पानीबाट झिकेर सुक्खा जमीनमा राख्दा माछा छटपटाए जस्तै, मारको जालबाट छुट्न यो चित्त छटपटाउँछ [३४]
- टाढा टाढासम्म पुग्न सक्ने, अशरीर, गुहाशय चित्तलाई संयम गर्ने मारको बन्धनबाट छुट्छ [३७]
- कार्यलाई गाग्रो ठानी, चित्तलाई नगर जस्तै सुरक्षित गरी, प्रज्ञा रूपी शस्त्र लिएर मार संग लड। मारलाई जिते पछि पनि आफ्नो चित्तलाई रक्षा गरी रहनू [४०]

- कार्यलाई मृगतृष्णा समान पानीको फीज समान (अनित्य) ठानी, ज्ञानी जनहरू मार बन्धमबाट मुक्तभई मारले नभेट्टाउने ठाउँमा पुग्छन् [४६]
- शीलवान र अप्रमादी भएर चित्तलाई क्लेशबाट मुक्त गराएर बस्ने व्यक्तिको मार्ग मारले पत्तालाउन सक्तैन [५७]
- आत्मदमनगरी सदा संयमी हुने व्यक्तिलाई देव गन्धर्व, मार तथा ब्रह्माले पनि जित्न शक्तैन [१०५]
- हाँस आकाशमा उडछन्, ऋद्धिवानहरू ऋद्धिवलले उड्छन्, ससैन्य मारलाई जितेर धीरहरू लोकबाट पार हुन्छन् [१७५]
- चार आर्य सत्य र अष्टांगिक मार्ग छोडी दृष्टि विशुद्धिको लागि अर्को बाटो छैन, मारलाई मूर्छित गर्ने यही बाटोमा लाग [२७४]
- कल्याणको लागि वीरण घाँस लाई जस्तै तृष्णालाई जरै देखि उखेल, अनि मारले वाँसलाई पानी धारले जस्तै सताउन सक्तैन [३३७]
- भगवान बुद्ध भन्नुहुन्छ मारलाई जिती सकेपछि पनि आफ्नो चित्तलाई रक्षा गरीरहनु [४०] मैले मारलाई जितें भन्ने अहंकार आउने वित्तिकै पुन: मारले बन्धनमा पार्छ फेरि राम्ररी नछाएको छानाबाट पानी चुहिए जस्तै: असंयमी चित्तमा मारले घुस्ने मौका पाइ हाल्छ।

भगवान बुद्धका कथनहरूबाट स्पष्ट हुन्छ कि, चार आर्य सत्य र अष्टांगिक मार्गमा लागी (२७४), दृष्टी विशुद्धि गरी अर्थात् सम्यक दृष्टि जगाई, शीलवान र अप्रमादी भई (५७) चित्तलाई संयम गरी (३७), आत्म दमनमा लागी, प्रज्ञाले युक्त भएर (४०), तृष्णालाई जरै देखि उखेलेर फ्याँक्ने (३३७), र अनित्यता लाई यथार्थत बुझ्ने (४६) व्यक्ति नै मारको बन्धनबाट छुट्छ।

संसारबाट १००% वैराग्य र परमतत्व निर्वाणमा लागी १००% समर्पित नभएसम्म मारको बन्धनबाट छुट्ने गुंजाइश हुँदैन। आधामन संसारमा लगाएर आधा मन भगवान वा परम तत्वमा लगाएर मार बन्धनबाट मुक्त हुने आशा गर्नु व्यर्थ हुन्छ किनकि छिर्ने ठाउँ भेट्टायो कि मारले बाँकी राख्दैन, दवाइ हाल्छ। पानी छिर्ने ढुंगा समुद्रमा डुवे जस्तै, मारले प्रवेश पाएको जीवन अन्तत: संसार सागरमा डुवी हाल्छ निर्वाण पथ प्रेमीहरूले भगवान बुद्धका माथी दिइएका मार वारेमा कथनहरूलाई अत्यन्त सर्तकता पूर्वक अध्ययनगरी आफ्नो आचरण व्यवहार गर्नु अत्यावश्यक छ। ■

# चिन्न सकिनँ बुद्ध !

✍ 'ज्योति' शाक्य, का.बु.

बुद्ध तथागत ! किन तिमीलाई
चिन्न सकिनँ मैले
अन्तर्मनले किन तिमीलाई
देख्न सकिनँ मैले।

बुद्धवचन र धर्मका सूत्र
पढ़े सुने पनि जति नै
पालन गर्दै सकिनँ हिड्नै
बुझेर आफ्नो हित नै
सत्य शीलले किन मनलाई
बाँध्न सकिनँ मैले
अन्तर्मनले... ...

तृष्णा-मदले प्रपञ्च बढ़ेको
भोगिरहे पनि जति नै
लोभको अग्नि कहिले ननिभ्ने
बुझिसके पनि जति नै
त्यागको मार्ग किन अपनाई
हिँड्न सकिनँ मैले
अन्तर्मनले... ...

दु:ख नबढ्ने, कर्म सुधार्ने
ध्येय लिए पनि जति नै
थाह नपाई पुग्दछ चित्त
रागको दहमा डुबि नै
होश जगाई, किन नबिराई
जिउन सकिनँ मैले
अन्तर्मनले... ...

पुण्य र पापको सामल बोकी
छोड़ी प्रियजन सब नै
जगबाट एक्दिन जानै पर्ने
सुने बुझे पनि जति नै
आसक्तिलाई किन पन्छाई
बस्न सकिनँ मैले
अन्तर्मनले... ...



Downloaded from http://www.dhamma.digital

# थाईलैण्डमा बर्मिज-नेपाली र बैशाख पूर्णिमा

✍ **सुजनो भिक्खु** (बैंकक)
*(भिक्षु सुजनकीर्ति)*

भगवान बुद्धको जन्म सम्बोधिज्ञान लाभ र परिनिर्वाण बैशाख पूर्णिमाको दिनमा नै भएकोले यसदिनलाई महत्वपूर्ण र आश्चर्यजनक घटनाको रूपले संस्मरण गरी बौद्धहरू यस दिनमा भव्यरूपले उत्सव मनाउने गर्छन् । यस दिन बौद्धहरूलाई मात्र महत्वपूर्णको दिन नभई संसारको लागि नै महत्वपूर्णको दिन हो भनी UN द्वारा 13 December 1999 मा गरिएको घोषणाबाट नै प्रष्ट हुन्छ । साथै गतवर्ष श्रीलंकाको सहयोगमा र यसबर्ष भारतको सहयोगमा (अर्को वर्ष थाईलैण्डको सहयोगमा हुनेछ) अमेरिकाको New York नगर स्थित U.N.को केन्द्रिय कार्यालयमा बैशाख पूर्णिमालाई The Day of Buddha अथवा The day of Peace को रूपमा भव्यले मनाउने गरेकोबाट नै यो दिनको महत्त्वलाई स्पष्ट पार्दछ ।

त्यसैक्रममा दोश्रो विश्वयुद्धमा जानुभएका गोर्खाली सैनिक युद्धविराम पश्चात धेरैले बर्मामा नै बसोबास गरेर केहि नेपाल फिर्ता भए । बर्मामा बसोबास गर्नेहरू मध्येमा समयको परिवर्तन संगै कामको खोजीमा र ब्यापारको सिलसिलमा थाईलैण्ड भित्रिएका थिए । थाईलैण्ड भित्रिने मध्येमा काम र ब्यापारको सिलसिलामा Phuket र Kohsamui नामक टापुमा बस्नुहुने बर्मिज नेपालीहरूले पनि यो बर्षको बैशाख पूर्णिमालाई भिक्षुहरू निमन्त्रणा गरी बडो हर्ष र उल्लासका साथ मनाए ।

नेपालबाट बैंककको वाटपाकनाम विहारमा अध्ययनरत भिक्षु प्रज्ञाकीर्ति, भिक्षु सुजनकीर्ति र भिक्षु सुमनकीर्ति बर्मिज-नेपालीका प्रतिनिधी प्रकाश उपासकको निमन्त्रणामा 14 May मा Phuket पुग्नु भयो । त्यो दिनमा एक नेपाली भिक्षुत्व ग्रहण कार्यक्रम (=प्रव्रजित) सामेल भई 15 May को कार्यक्रम तयारी गरीयो ।

एकाविहानै प्रकाश उपासकले विहारमा लिन आउनुभयो र उहाँको घरमा लग्नुभयो । उहाँको घरमा ३०।४० जना बर्मिज नेपालीहरूको जमघट थियो । कुशल बार्तालाप पश्चात् भिक्षु प्रज्ञाकीर्तिसमक्ष पञ्चशील प्रार्थना गरियो र साथमा उहाँबाट बैशाख पूर्णिमा र बुद्धजीवनी सम्बन्धी प्रकाश पार्नु भयो । त्यस पछि पुन: भिक्षु सुजनकीर्ति द्वारा बैशाखपूर्णिमाको महत्त्व विषयमा र भिक्षु सुमनकीर्तिद्वारा बौद्धहरू सधैं जागृत भई अध्ययनकार्यमा जुट्नु पर्ने सम्वन्धि धर्म देशना गर्नु भएको थियो ।

धर्मदेशनाको अन्त्यस्ति पश्चात् प्रश्नोत्तर कार्यक्रम शुरू भयो । बर्मिज-नेपालीहरूमा पुण्य र स्वर्ग नर्कका साथै बुद्ध धर्म र हिन्दु धर्ममा के भिन्नता छ भन्ने विषयमा बढि रूचि रहेको देखियो । साथ थाईलैण्ड बर्मामा भ्रमणार्थ आउनु भएका भिक्षु जटिल र धम्मवती गुरुमांको धर्मदेशनाले धेरै नै प्रभाव पारेको मैले महशुस गरें ।

त्यसपछि 17 May का दिन विहानै गाडीबाट करीव ५ घण्टाको बाटोबाट Kohsamui मा पुग्यौं ! त्यहाँ पुगेको दिन अलि साँझ परेको हुँदा आराम लिई भोलि पल्ट बिहानै ज्ञानी वा ज्ञानबहादुर (बर्मिज-नेपाली Konsamui का सभापती र पूरानो मान्छे) को घरमा निमन्त्रणामा गयौं । उहाँको घरमा पनि धेरै बर्मिज-नेपालीहरू सम्मिलित भएका थिए । भिक्षु प्रज्ञाकीर्ति समक्ष पञ्चशील प्रार्थनाबाट कार्यक्रम शुरू भएको थियो । त्यसपछि त्यहाँका उपासक उपासिकाहरूले अनुरोधानुसार भिक्षु प्रज्ञाकीर्तिद्वारा बैशाख पूर्णिमाको छोटो परिचय र चारआर्य सत्य र दान शील भावना विषयमा लामो आकर्षक धर्मदेशना गर्नुभयो । उहाँको धर्मदेशना पश्चात् पुन: उपासक उपासिकाहरूको भिक्षु सुजनकीर्तिलाई पनि धर्मदेशना गर्न अनुरोध गरे । भिक्षु सुजनकीर्तिबाट वर्तमानमा पाउने लाभ (=दित्थ धम्मिकत्थ पयोग), व्यापारी र घरगृहस्थले कसरी दान पूण्यहरू गर्ने सम्बन्धमा धर्म देशना गर्नु भएको थियो । भिक्षु सुमनकीर्ति कामविशेषले Koh samui पुगेको साँझ नै बैंकक फर्किनु भएका थिए ।

त्यसैगरी १९ गतेका दिन कमल उपासकको घर मा निमन्त्रणा र चारआर्यसत्य र दान शील भावनाको महत्व बारेमा भिक्षु प्रज्ञाकीर्तिले धर्मदेशना गर्नुभएको थियो । भिक्षु सुजनकीर्तिद्वारा पण्डितवर्गको संगत नै

उत्तम मंगलका साथै भिक्षुत्वबाट हुने पुण्यबारेमा धर्मदेशना गर्नुभएको थियो ।

स्मरणिय रहोस् ! Phuket र Kohsamui थाईलैण्डको दक्षिणी भागमा पर्ने एक पर्यटकिय क्षेत्र हो । Phuket मा बर्मिज नेपालीहरूको बसोबास करिव १६ वर्षदेखि शुरूभएको कुरा भिक्षु अमरो भन्नुहुन्छ । भिक्षु अमरोको गृहस्थको नाम मान बहादुर हो । उहाँको भनाईमा सर्वप्रथम Phuket प्रवेश गर्ने उहाँ नै हुनुहुन्छ । उहाँ यो बैशाख पूर्णिमाको दुईदिन अगाडी भिक्षु हुनु भएको हो । साथमा लामो समय सम्म बसी बुद्धधर्म अध्ययन गर्ने उहाँको मनसाय छ । उहाँकानुसार पहिले सबै नेपालीहरू हिन्दुधर्म मान्दथें । तर पछि आएर हिन्दु संस्कृति र आचरण देखी विरक्त लागेर तथा कोहि कोहि नेपाल भ्रमण पश्चात् बुद्ध नेपालमा जन्मनु भएको र भगवान बुद्ध नेपाली हो भन्ने विश्वास लिएर Phuket फर्की बुद्धधर्ममा रुची देखाएको हो । बुद्धधर्मको अध्ययन र बुद्ध धर्ममा बर्मिज-नेपालीरूको श्रद्धा करिब ८/९ बर्ष भएको र विभिन्न समयमा भिक्षुहरू बोलाएर धर्मदेशनाहरू सुन्ने कुरा उहाँ भन्नु हुन्छ ।

त्यसैगरी Koh samui पनि एक आकर्षक पर्यटकिय क्षेत्र हो । यहां नेपालीरूले १२ वर्ष देखी बसोबास सुरु गरेको कुरा यहाँका सभापति ज्ञानी भन्दछन् । यहाँ सर्वप्रथम प्रवेश गरी बसोबास सुरू गर्ने नै उहाँ हुनुहुन्छ र २/३ हजार जना वर्मिज-नेपालीहरू भएको कुरा उहाँ भन्नुहुन्छ ।

यसपालिको बैशाखपूर्णिमा नै पहिलो र भव्यले मनाइएको कुरा प्रकाश उपासक भन्नु हुन्छ । साथमा भिक्षु अमरो नेपालीरूले बुद्ध धर्ममा श्रद्धा राखी दान धर्म गर्ने गरेको देखेर यदी नेपाली सबैले बुद्धलाई नेपालको र बुद्धधर्म लाई मानेको खण्डमा थाईलैण्ड झै विकास हुनेथियो भन्नुहुन्छ । यी कुराहरूबाट के थाहा हुन्छ भने यहाँका बर्मिज-नेपाली Phuket का मात्र नभई Bangkok र अरु स्थानमा रहनुभएकाहरूले पनि बुद्धधर्ममा रूचि देखाएको देखिन्छ । साथमा उहाँको उक्त श्रद्धालाई सम्यक बाटोमा लग्ने नेतृत्व गर्ने एक नेताको आवश्यकता उहाँहरूमा भएको महशूस गर्दछन् ।

**धम्मो हवे रक्खति धम्मचारी !**

धर्मचारीलाई धर्मले नै रक्षा गर्दछ ।

# प्रव्रज्या जीवनया छफुति नसला

- अमीर कुमारी शाक्य

कालयागु दोष मदु, मनूयागु भरोसा मदु
म्हिगः तक्क भिंम्ह मन्, थौं मभिना वइच्वंगु दु
म्हिगः तक्क खनाम्ह मन्, थौं मखना वंगु दु ।

मनया क्लेश बिलिबिलि जाय्का, थःगु स्वार्थ जक हे जीवन ताय्काः
स्वार्थ पूर्तिया लागि भः भः न्हूया, जुइपिं मनूत थन यक्को हे दु ।

अनित्य लुमंगु हे मखु, चिरस्थायि जुय्गु मोहलय् डुबय् जुयाः
धन व मान प्राप्तिया लागि, तानातान् याना च्वंगु दु ।

छम्हसिनं मेम्हसित कोथलेत, अतिकं मेहनत यानाच्वंगु दु
तर सकसितं उपकार जुइगु, ज्या याइपिं खने हे मदु ।

क्लेशं जागु मन धानाः, क्लेशरूपि भ्यातानालय् हे दुनाः
स्वर्ग तायका जुइपिं मनूत, सुथां लाइगु गथे याना ?

सुथां मलाःगु जीवन, सुथां लाकेगु खःसा, शुद्धगु मन दय्माल
मनय् वइगु क्लेशयत न्हापां, पितिना छोय फय्के माल ।

मत्ति भिंकीम्ह नं मन हे खः, मभिंकीम्ह नं मन हे खः
"मत्ति भिंसा गत्ति भिनी" धका थुइका काय् फयके माल ।

बुद्धयागु अन्तिम वचन "अप्पमादेन सम्पादेथ"
थुकीयागु अर्थ थुइकाः, व्यवहारय् छेले फयके माल

भिंगु ज्या यायत् आसे धाय् मते, मभिंगु ज्या याय् हे मते
थुकिया लागि स्मृतिवान् जुयाः, न्ह्याबलें होश तया जुय् फयकि ।

स्मृति गवलें हे अप्पो जुइमखु, न्ह्याक्को दुयें च्वंसां गाइजक मखु
स्मृति संकलन यायया निम्ति, संयमि जुयाः न्हयाःवने फयकि ।

संयमि जीवन हनेया लागि, शील, समाधि व प्रज्ञा माल
शील, समाधि व प्रज्ञाया लागि, उचितगु संगत नं माल ।

"संगत गुणा फल, मत्ति गुणा गति" थ्व हे भ्वीत स्मृतिया रुपय्
तोता थकूगु भगवान बुद्धं अमूल्यगु धन सम्पत्ति ।

थ्वहे खँयात मनन याना, छन्हुजक जूसां काय्फैला धकाः
"प्रव्रज्या जीवनया छफुति नसला", चित्त शुद्ध याय् फैला धकाः ।



Downloaded from http://www.dhamma.digital

# २५४७ सौं बुद्धजयन्तीको उपलक्ष्यमा ललितपुर, हःखा टोलमा सम्पन्न बुद्धजयन्ती समारोहमा दिएको मन्तव्य सारांश

✍ भिक्षु आनन्द

**श्रद्धेय भिक्षु महासंघ तथा अनगारिका गुरुमाँहरू,**
**श्री ५ महाराजाधिराज सरकार**
**तथा**
**श्री ५ बडामहारानी सरकार,**
**सभामा उपस्थित बिशिष्ट महानुभावहरू तथा**
**गन्यमान्य व्यक्तिहरू,**

नेपाल आमाका अतिजात सुपुत्र तथागत भगवान बुद्धको जन्मलाभ, सम्मासम्बोधिज्ञानलाभ, महापरिनिर्वाणप्राप्त आजको यो पुण्य-पावन दिनमा वहाँका सार्वदेशिक तथा सार्वकालनि बहुनज हित र सुखका मानव कल्याणकारी दिव्यमय उपदेशहरू चिन्तन मनन गर्नु यो क्षण अत्यन्त समय सान्दर्भिक छ । आज विश्व जनमानसले "भगवान बुद्ध जन्मेको देश" भनी हाम्रो मातृभूमि नेपाल प्रति अगाढ श्रद्धा तथा गौरव अभिव्यक्त गर्ने मात्र होईन वहाँका आध्यात्मिक सुखद सन्देशहरूलाई आफ्नो जीवनमा आत्मसात् गर्ने वर्तमान समयमा नेपाली भएको नाताले हामी गौरवान्वित भएका छौं । हामी नेपालीलाई जन्मसिद्ध लाभ भएको यो श्रेष्ठदायाद, धर्म र दर्शन, संस्कृति र सभ्यतालाई चिरकालसम्म संरक्षण र सवर्द्धन गर्नु हाम्रो कर्तव्य रहने छ ।

यो समय विध्वंशकारी विषाक्त भावनाहरूले देशभरि तथा विश्वभरि नै उधूमता मच्चाईरहेको समय हो । २१ औं शताब्दीको उत्कृष्ट विकासका युगमा (पनि) मानिस जीवनमा सबै थोक पाएर पनि त्यत्तिकै आतंकित, असुरक्षित, उत्तेजित र सशंकित महसूस गर्दछ । हामी एकतर्फ प्रगति हुँदा अर्कोतर्फ दुर्गति पनि भोग्दै छौं । यहाँनिर महान् वैज्ञानिक आइन्सटाईन्को भनाई अत्यन्त मनन योग्य छ कि "आणविक शक्तिले विश्वलाई नै प्रकम्पित तुल्याईसके पनि त्यही शक्तिले एक मानिसको मनलाई नियन्त्रण गर्न सक्दैन" यो भनाइमा आजको विश्व, युद्ध र कोलाहलले सशंकित र आतंकित हुनु पछाडि मूलभूत कारण लुकेको छ । मानिस भौतिकरूपले जति विकास भए पनि आध्यात्मिक क्षेत्रमा विकास नभएसम्म साँच्चैको सुख र चैन मिल्न सक्दैन भन्नेकुरा उक्त भनाईबाट स्पष्ट हुन्छ ।

दैनिक जीवनमा घट्ने विश्वंसकारी घटनाहरूको मनुष्य भावनाका विषाक्त स्वभाव हामीलाई सम्झना गराउँदछ । यस्ता भावनाका तीता सम्झनाबाट हामी आफैले आफुसंग सोध्नु पर्ने प्रश्न यो छ कि व्यक्तिगत तवरले यी समस्याहरू माथि विजय हासिल गर्न हाम्रो दायित्व के हो ?

साँच्चै नै यस्ता विषाक्त भावनाहरू मनुष्य स्वभावको रूपमा रहँदै आएका छन् । हामीमध्ये कोही यस्ता पनि छन् जसको सोचाईमा जे जस्तो उपायले पनि एक अर्काप्रति गर्ने घृणा र दमन प्रवृत्ति हटाउन सक्दैन । यो त हामी मनुष्य भएको नाताले भोग्नुपरेका मनुष्य स्वभावका नतीजाहरू हुन् । तर यी भावनाहरूले विध्वंसकारी उत्तेजनासामु अराजकता निर्माण गर्छ जसबाट निर्णय गर्छ कि "विनाश स्वभाव हाम्रो नियन्त्रण बाहिर छ र यो प्राकृतिक नियम हो" । तर म विश्वास गर्छु कि हामीसंग व्यक्तिगत रूपले हाम्रा भयानक उद्वेगहरू हटाउन वा रोक्न प्रायोगिक उपायक्रमहरू छन्, जुन उद्वेगहरूले सामूहिक रूपमा युद्ध, जनआन्दोलन तथा जनसंघर्षतर्फ दोहोऱ्याउन ठूलो भूमिका खेल्छ । त्यस्तै त्यही उद्वेगहरूलाई सही दिशातर्फ दोहोऱ्याएको खण्डमा हाम्रा आफ्नै हितमित्रहरूले दिन नसक्ने सुख र शान्ति दिलाउन मदत पुऱ्याउँछ भन्ने बुद्ध वचन म यहाँ नुस्मरण गराउन चाहन्छु;

**न तं माता पिता कयिरा - अञ्ञे वा पि च ञातका ।**
**सम्मा पणिहितं चित्तं - सेय्यसो नं ततो करे ॥**

यसरी बौद्ध शिक्षामा आधारित मानव स्वभाव वा अवस्थितिलाई नियन्त्रण गर्ने आध्यात्मिक आचरण पद्धति मात्र नभई वैज्ञानिक व्यवहारिक कार्यहरू पनि छन् । विगत २०।२२ वर्षको अध्ययन अनुसन्धानको क्रममा पश्चिमी बौद्धिकजनहरूसंग गरिएका विचार विमर्श, छलफल तथा कार्यशालागोष्ठीबाट यो प्रष्ट हुन्छ कि समस्या समाधानको लागि बौद्ध विश्लेषणमा आधारित उपायक्रमहरू तथा वैज्ञानिक प्रयोगहरू अत्यन्तै

उपयोगीसिद्ध छ, जुन व्यवहारिक पनि छन् । बौद्ध मनोबैज्ञानिक विश्लेषणहरू, जस्तैः चतुआर्यसत्य, आर्यअष्टांगिकमार्ग तथा प्रतीत्यसमुत्पाद जस्ता उपदेशहरूले जीवनमा समस्याहरू प्रति अझ सार्थक तवरले समाधान गर्ने गहन तथा फराकिला उपायमार्गहरू प्रदान गरेका छन् । किनकि बौद्ध शिक्षा यथार्थ बोध गर्न जोड दिइन्छ । अतः समस्यामा भन्दा समस्या समाधानमा उपायहरू लुकेका हुन्छन् । हामीले यो ध्यान दिनु पर्छ कि जसरी वैज्ञानिकहरूले हाम्रो विश्वसम्बन्धि अनुसन्धान, अन्वेषण तथा गवेषणबाट भौतिक संसार सम्बन्धि सिके त्यसरी नै बौद्धहरूले पनि चित्तको प्रायोगिक परीक्षण तथा अनुसन्धानबाट समस्या समाधान गर्नेतिर ध्यान पुऱ्याउनु पर्छ ।

बैशाख पूर्णिमाको आजको दिन यीनै मानव समस्याहरूलाई समाधान गर्न आज भन्दा २५४७ वर्ष अगाडि एक मानव पुत्रको नाताले भगवान बुद्धले बैज्ञानिक विधि, आत्मपरीक्षण, चित्तविकास तथा चेतना परिशुद्धिजस्ता प्रायोगिक उपायकौशल्यबाट मानव समस्याको सदाकालिक समाधान खोज्नुभयो । अतः बौद्धहरूसंग समस्या समाधानका मनोकार्यहरू तथा मानसिक विकास सम्बन्धमा २५०० वर्ष पुरानो ऐतिहासिक तथा गौरवशाली अनुसन्धानको इतिहास छ ।

अतः यस गौरवशाली इतिहासलाई जनस्तर तथा राष्ट्रियस्तरमा सुरक्षा तथा विकास गर्नु हाम्रो अपरिहार्य दायित्व रहनेछ ।

॥ सब्बे सत्ता भवन्तु सुखिततत्ता ॥

---

✿ धर्मप्रचार ✿ — समाचार

## नयाँ पुस्तक प्रकाशन

"बुद्ध धर्म र व्यवहार"

**लेखक :** प्रा.सुवर्ण शाक्य, ऊँ बहाः काठमाडौं । भूमिका सहित पृष्ठ १९७, साइज ठूलो ।

**मूल्य :** रु. ८०।-

**प्रकाशक :** शरण प्रकाशन, काठमाडौं ।

प्रस्तुत पुस्तक अति उपयोगी र ज्ञानवर्द्धक विषयले भरिएको छ । त्यसैले यस पुस्तक बुद्ध शिक्षा अध्ययन गर्न इच्छुक विद्यार्थीवर्गलाई अति उपयोगी रहेको छ । अर्को शब्दमा भन्ने हो भने यस पुस्तक बुद्ध शिक्षाको ज्ञान भण्डार भने पनि हुन्छ ।

"शरण" देखि मरेपछि दानसम्म जम्मा ५१ वटा लेखहरूको संग्रहको रुपमा रहेको यस पुस्तकलाई बौद्ध दर्पणको रुपमा लिएपनि फरक पर्दैन ।

यस पुस्तक भित्र विशेष गरी अध्ययन गर्नु पर्ने मुख्य विषयहरू यसरी रहेका छन्–

"बुद्धको सिद्धान्त र समानता", "बुद्ध धर्ममा संघको महत्त्व", "थेरवादी बुद्धधर्म", बुद्धको व्यवहारिक दृष्टिकोण", "मानव धर्म", "अशोकको धर्म प्रचारमा देन", "बौद्ध संस्थामा सदस्य हुँदैमा बौद्ध हुने होइन," "नेपालमा बज्रयानको भविष्य" आदि ।

यसरी यस पुस्तकमा थुप्रै ज्ञानवर्द्धक विषयहरू समावेश भएका छन् । प्रस्तुत पुस्तक श्री सुवर्ण शाक्यको मौलिक विचार हुन् । पुस्तकमा उल्लेखित भिक्षु अश्वघोष महास्थविरको र भुवनलाल प्रधानको साधुवाद र मन्तव्य पढ्न योग्य रहेको देखिन्छ । पुस्तक पाइने ठेगाना संघाराम ढल्को, विष्णुमती । *–मेघदूत*

## रक्तदान

२०६० आषाढ २९ गते ।विराटनगर, हिमालय रोड

आषाढ पूर्णिमाको पावन अवसरमा युवा बौद्ध संघको आयोजनामा नवौं रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको समाचार छ । यस कार्यक्रमका प्रमुख प्रायोजक मोरंग धातु व्यवसायी संघ, तथा अन्य सहयोगी दाताहरूमा श्री बुद्ध मेटल इण्डष्ट्रीज धरान, कृष्णकुमार श्रेष्ठ, गणेश कुमार राय, श्रीमती देवीमाया ताम्राकार, श्रीमती मायादेवी ताम्राकार, रोशन बज्राचार्य, नेमकृष्ण ताम्राकार तथा उपासिका संघ बिराटनगर आदि रहेका थिए ।

वरिष्ठ साहित्यकार तथा कवि श्री परशु प्रधानज्यूको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा युवा बौद्ध संघका अध्यक्ष श्री मोहन कृष्ण ताम्राकारले कार्यक्रमका सम्वन्धमा प्रकाश पार्नुभएको थियो भने उपाध्यक्ष श्री महेश ताम्राकारले धन्यवाद ज्ञापन गर्नुभएको थियो । सुश्री सोनिला शाक्य र श्री अमित शाक्यले संयुक्त रूपमा संचालन गर्नु भएको सो कार्यक्रममा ३७ जना रक्तदाताहरूले रक्तदान गर्नुभएको थियो । अन्त्यमा प्रमुख अतिथी परसु प्रधानज्यूले प्रमाण पत्र वितरण गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

*(नीति कथा)*

# दिव्य शक्ति

करिब सवा सय वर्षजति पहिले सौराष्ट्र प्रदेश (गुजरात) मा ठूलो अनिकाल पऱ्यो । अन्नको अभावमा मनुष्य र घाँसको अभावमा पशुहरू मर्न थाले । बर्षाऋतु समाप्त हुने बेलामा पनि आकाशमा बादलको टुक्रो देखिएन ।

तत्कालीन शासकहरूले ठाउँ-ठाउँमा ठूल-ठूला यज्ञ सम्पन्न गरे । गाउँ-गाउँमा इन्द्रको पूजा भयो ।' मानिसहरू पालैपालो उपवास पनि बसे । तर कुनै लाभ भएन । एकदिन कसैले कठियावाड नरेशलाई भन्यो 'महाराज ! वर्षा हुन सक्ने एउटा उपाय छ । सेठ धर्मदत्तले चाहेको खण्डमा अवश्य पनि मेघहरूले यहाँ वर्षा गराउनेछन् ।'

राजा स्वयं सेठको घरमा गएर अनुरोध गरे 'धर्मदत्तजी ! तपाईंलाई थाहै छ, आज हाम्रो देशमा अनिकाल परेको छ । वर्षा नहुँदा सर्वत्र हाहाकार छ । तपाईंले इच्छा गर्नुभएमा वर्षा हुन्छ भन्ने मैले सुनेको छु । कृपया राष्ट्रलाई बचाउने काम गर्नुहोस् । जसरी वर्षा हुन्छ त्यो उपाय गर्नुहोस् ।'

अनुरोध गर्न आएका राजालाई सेठ धर्मदत्तले नम्रतापूर्वक दुई हात जोडेर भने 'हे प्रजापालक ! म एउटा तुच्छ मनुष्य हुँ । मैले कसरी वर्षा गराउन सक्छु ? मेघहरूका मालिक देवराज इन्द्रले मात्र भनेको बेलामा वर्षा गराउन सक्छन् ।'

राजालाई धर्मदत्तले पानी पार्न सक्छन् भनेर जसले भनेको थियो त्यसमाथि उनको पूरा विश्वास थियो । त्यसकारण उनले सेठसँग बालकले जस्तो हठ गर्दै भने 'तपाईंले दु:खी प्रजा र निरीह पशुपंक्षीमाथि दया गर्नैपर्छ । जबसम्म पानी पर्दैन तबसम्म म तपाईंको ढोकामा बसिरहनेछु ।'

धर्मदत्तले त्यसै छुट्टी पाउने छाँट देखेनन् । उनी आफूले सधैं व्यापारमा प्रयोग गर्दै आएको काँटा समातेर बाहिर आँगनमा आए । एकछिन् चारैतिर हेरेपछि उनले आकाशतिर फर्केर भने 'म सम्पूर्ण देवी-देवता, सन्त-महन्त र दिक्पालहरूलाई साक्षी राखेर भन्छु- यदि मैले यस काँटाद्वारा सधैं इमानदारीपूर्वक व्यापार गरेको छु र तौलमा कुनै अवस्थामा पनि तलमाथि पारेको छैन, यस काँटाले सधैं इमानदारीपूर्वक काम गरेको छ भने हे देवराज ! यस राज्यमा वर्षा गराएर जनताको कल्याण गरिदिनु होस् ।'

वास्तवमा सबैभन्दा ठूलो सिद्धि भनेको इमानदारी नै हो । व्यापारीले इमानदारीलाई दाउमा लगाउनसाथ आकाशमा एकप्रकारको हलचल सुरु भयो । हुरीबतास आउन थालेको जस्तो हुन थाल्यो । हेर्दाहेर्दै आकाशमा बादल दगुर्न थाले । घनघोर अँध्यारो भयो । सौराष्ट्रको धर्तीमाथि जम्मा भएका मेघले भरपूर वर्षा गरे । राजा-प्रजा सबैको मन आनन्दित भयो ।

राजाले सेठ धर्मदत्तप्रति कृतज्ञता प्रकट गर्दै भने 'तपाईं धन्य हुनुहुन्छ । तपाईंलाई परमात्माले ठूलो सिद्धि प्रदान गर्नुभएको छ । कृपया, भन्न मिल्छ भने मलाई भन्नुहोस् तपाईंले यो सिद्धि कसरी प्राप्त गर्नुभयो ?'

सेठ धर्मदत्तले भने 'राजन् ! मैले आफ्नो वर्ण धर्मानुसार कर्तव्य पालन गर्दै आएको छु । म कसैको अहित गर्दिनँ । भगवान्ले गीतामा 'यो मां पश्यति सर्वत्र' भन्नु भएजस्तै मैले सबैमा भगवान्लाई देख्छु । मेरो द्वारमा आउने सबै ग्राहकहरूलाई म भगवान्कै रूप ठान्दछु । उनीहरूलाई आदरपूर्वक आसनमा राखेर आवश्यकतानुसारका वस्तुहरू उचित मूल्यमा उपलब्ध गराउँछु । यसलाई मैले मेरो जीवनको अभिन्न अंग बनाएको छु । यस नियमबाट म कदापि विचलित भएको छैन । म सबैको हित चाहन्छु । आफ्नो शक्तिअनुसार दान गर्छु । रोगी, वृद्ध र दु:खीहरूको सेवा गर्नबाट म कदापि विमुख हुन्न । बस्, मैले योभन्दा धेरै केही गर्न जानेको छैन । मैले धेरै-धेरै शास्त्रहरू पढेको पनि छैन ।

सेठको कुरा सुनेर अत्यन्त प्रभावित भएका कठियावाड नरेशले उनीसँग मितेरी साइनो गाँसी त्यहाँबाट बिदा भई आफ्नो दरबारमा गए । तत्पश्चात् उनले सम्पूर्ण प्रजाजनलाई जनता जनार्दनको रूपमा हेर्न थाले । उनी जीवित रहेसम्म उनको राज्यमा फेरि कहिल्यै अनिकाल परेन ।

*(प्रस्तोता: पी.एन. भ्रबाली; साभार: कान्तिपुर कोसेली)*

सप्तरत्न धन - ८

# ओतप्प (डर)-४

✍ प्रकाश बज्राचार्य

हिरादाई आज पनि निराश भएर घर फर्क्यो । जागीर पाउँला, काम पाउँला भनेर घुमेर हिंडेको नौ दिन भइसक्यो । तर संधै असफलता मात्र फेला पर्दछ । गाउँ फर्कको सदस्य भएर भुडीं ठूलो पारी मोज गरिराखेको, गाउँ फर्कबाट राजिनामा दिनु पर्दा भुँडी नै सुक्यो । काम खोज्नु गाह्रो जमानामा लेखपद धेरै नभएका हिरादाईले कहाँ पाउँछ काम ? आजकाल हिरादाईको काम नभएर घर बेहाल छ । घरको अवस्था झन झन बिग्रेर गइराखेको छ । घर भित्र जान मनै छैन । घर भित्र पसेपछि स्वास्नीको क्वार क्वार सुन्दैमा ठिक्क छ । अचानोको पीर खुकुरीलाई के थाहा भने झैं स्वास्नीलाई केही वास्ता नै छैन ।

सकि नसकि बल्ल तल्ल घर आइपुग्छ । लामो सुस्केरा हालेर वोछ्यानमा बस्यो । स्वास्नी चाहिंले सोधी– "केही काम पाउन सकेन ?" लोग्ने चाहिनेले जवाफ दिए– खोइ ! कहाँ पाइन्छ ? दशा लागेको बेलामा ।"

स्वास्नीले भनी– "त्यसोभए के गर्ने ? छोराको स्कूलमा के हो गर्ने रू. १५ नभई भएन भनेर कराइराखेको थियो । मलाई पनि एउटा नयाँ सारी नकिनि भए छैन । बहिनीकहाँ भोज जान ।"

लोग्ने चाहिनेले भने– "पर्खन राम्रो एउटा जागीर त फेला पारूँ ।"

स्वास्नीले भनिन्– "कतिबेर पर्खने ! भोज सिद्धिए पछि सारी लाउने ? अरूको भोजै पिच्छे नयाँ लगाउँछ । मैले त्यही सारी चार पाँच चोटी लगाइसकें । अहिले पनि फेरि त्यही लगायो भने अरूले के भन्छन् ?" लोग्ने चाहिंले केही जवाफ सवाफ दिएन । खुरुक्क सुनि मात्र राख्यो । फेरि स्वास्नी चाहिंले भनिन्– दालमा राख्न घ्यू पनि सिद्धिसक्यो । दूध ल्याउनेले पनि पैसा ल्याउ भनेर कराइराखेको धेरै दिन भइसक्यो ।"

लोग्ने चाहिनेले भन्यो– "जागीर भएको बेलामा त तिमीले भने-भनेको नपुऱ्याएको होईन र ? आजकाल खान लाउनलाई नै मुश्किल भएको बेलामा अलि पर्खन ।"

त्यति मात्र कुरा के सुनेकी थिइन– झन ठूलो स्वरले चर्को पारेर स्वास्नी चाहिं कराइन्– "कति पर्खने । छोरालाई लुगा किनिदिनु भनेर ढिपी गरेको कति दिन भइसक्यो । गीताले "ऊन ल्याऊ, तिमीलाई स्वेटर बुनि दिन्छु" भनि भन्न आएकोदेखि दिक्क भैसक्यो । पानी पर्दा ओढ्ने केही छैन, एउटा छाता किनिदेउ भन्दा-भन्दा मुख नै दुखिसक्यो । अस्ति लिएको चामलको पैसा ल्याउ भनेर भाइदाई दिनदिनै कराउन आउँछ । कपालै दुखिसक्यो । आफूले भने घरको टन्टो सन्टो केही हेर्नु सर्नु पर्दैन । मलाई घरमा बसाई सबैको घुर्कि सुर्कि सुनेर बस्नु पर्दछ ।"

"मैले पनि त कोशिश गरिराखेको हुँ नि । बाहिर गई कमाउने कति गाह्रो भनि लोग्ने मानिसलाई मात्र थाहा हुन्छ । स्वास्नीहरूले त लोग्नेले पैसा रूखबाट टिपेर ल्याउने भन्न ठाले होला !" हिरादाईले पनि अलि दिक्क मानेर ठूलो स्वरले भने ।

"हो ! हो ! तपाईँलाई मात्र कमाउन गाह्रो पर्दछ । त्यसैले मलाई गाजलको बट्टा एउटा नै दिन नसकेको होला नि ! यसपाली तपाईंले मलाई एकजोर टप बनाइदिन्छु भनी कबुल गरेको पनि खोइ ? अर्काको भए घरको जहान भनेर कति माया गर्दछ । नीलमैयाको कति आनन्द लोग्ने चाहि=लें उसको नाउँमा एउटा घर बनाइदिएको छ । खोइ, यस घरमा एउटा गाजलको बट्टासम्म पनि दिने छैन ।" चर्को स्वरले कराएर स्वास्नी चाहिनेले भाषण दिइन् ।

लोग्ने चाहिले विस्तारै भने– "अर्काको के चासो ? अरूले के के गर्दछ, के के गर्दछ । अरूले ताजमहल बनाइदिन्छ भन्दैमा मैले बनाइदिन सक्दछु ?"

"घरको मुलि भएपछि चाहिने सबै नपुऱ्याई सुख हुन्छ ? त्यो पनि लोग्ने मान्छे भएर हात खुट्टा बलियो छँदैछ । जसरी भए पनि पैसा बनाउनु पर्दछ । काम गरेर मात्र कमाउने एउटा मात्र उपाय होइन... जे भए पनि मलाई बहिनीकहाँ भोज जान नयाँ सारी नभई हुँदैन । आमा बाबुले भनेको ठाउँमा गए कति आनन्द हुने । भने भनेको पूरा हुन्थ्यो । आफैं जद्दीवाल भएर यहाँ आएँ । यो दशा सहनु पऱ्यो । यति भनि स्वास्नी फनक्क फर्केर भित्र पसी । हिरादाईको मनमा यो कुरा बिज्दछ । जवाफ सुन्दा नै रिङ्गटा लाग्यो । रिस पनि उठ्यो । रून पनि मन लाग्यो । केही भन्न पनि सकेन । केबल स्वास्नी चाहिंले भनेको मात्र सम्झेर बसे..."काम गरेर मात्र कमाउने एउटा मात्र उपाय होइन ।"

मध्यरात ! चारैतिर सुनसान ! बीच बीचमा कुकुर रोएको आवाज मात्र सुनिन्छ । गाउँ एउटै मस्त निन्द्रामा छ । तर हिरादाई मात्र निदाउन सकेन । बेलुकी स्वास्नी चाहिंले भनेको कुरा मात्र सम्झेर ओछ्यानमा छटपटाई राखे । मध्य रातमा हिरादाई घरबाट निस्के । अँध्यारो ठाउँबाट चारैतिर हेरेर अगाडि सरासर बढे । साहुको घर मुनि पुगेपछि चारैतिर हेरे । चारैतिर सुनसान ! किरा फट्याङ्ग्रा आदि केहीको आवाज सुनिदैन । हिरादाईको हात खुट्टा लगलग कामे । पसिना चिट चिट आयो । माथि झ्यालमा हेऱ्यो । झ्याल खुल्लै थियो । यसो हेऱ्यो रूख चढि जान सक्ने जस्तो थियो । तर आँट आउँदैध्यो । हिम्मत



Downloaded from http://www.dhamma.digital

गरी जान्छु भनी के रूख चढेको थियो, रूख स्याराक्क सुरुक्क चल्यो। हिरादाईको मन ढुक ढुक भयो। उ झटपट रूखको पछाडि लुक्न गयो। उसले विचार गऱ्यो– "रूख हल्लियो । अब मान्छेहरू बिउँझिन्छ अनि मलाई समात्दछ।" भनेर डरले थुरु-थुरु काम्न थाल्यो।

हिरादाईको आँखामा चोरलाई सजायँ दिने दृश्य अगाडि आयो। आफू सानो छँदा एक रूपैयाँ चोर्दा गरेको सास्ति सम्झ्यो। हिरादाईको जीउ नै सिरिङ्ग भयो। फेरि अस्ति चोरलाई पुलिसले बाटोभरि पिटि लगेको सम्झ्यो। "मरिसक्दा पनि यमराजले चोरहरूलाई तातो तेलमा खसाली हात खुट्टा घाँटी मासु झिक्छ...।"

यस्तो सवै कुरा सम्झन्दा हिरादाई असाध्यै नै डराए। नुहाउनै नपर्ने गरी जीउ सवै निथ्रुक्क भयो। झ्यालमा चढ्ने आँट नै आएन। यस्तो काम नगर्ने भनेर मन मनै अठोट गऱ्यो। के दुई चार पाइला अघि बढेको मात्र थियो, फेरि स्वास्नीको भाषण सम्झे। पैसा नभए पछि हुने कष्ट सम्झ्यो। पैसा नभएपछि सवैले हेला गर्ने दृश्य देख्यो। हिरादाईको फेरि साहस बढ्यो। चोर्न जान रूख चढ्यो। तर फेरि झस्के मन आयो "...माहिलालाई समाति लग्दा कस्तरी उसकी स्वास्नी छाती पिटि पिटि रोएको...जुजुभाई जेलमा पर्दा उसको स्वास्नी र बच्चाहरू खान नपाएर दुःख भएर मागेर खानु परेको...अनि, यदि मेरो पनि हात खुट्टा भाँचिदिए ? झ्यालखान (जेल) मा लगे के गर्ने ? पिट्दा पिट्दै मऱ्यो भने के गर्ने ? मेरी स्वास्नी, बालबच्चाहरू खान नपाएर त्यसै पर्दछन्। नाइ वा मत चोर्ने एउटा काम गर्दिन।" हिरादाईले यस्तो निर्णय गरेर फर्के।

तर त्यसैबेला एउटा झ्यालबाट एउटा मान्छे सुटुक्क निस्क्यो। उसले चारैतिर हेऱ्यो तर उसले रूख पछाडि लुकेको हिरादाईलाई देख्दैन। हिरादाईले देख्यो एउटा पोको बोकेर गएको चोर, साथै उसलाई चिन्यो पनि। उसैको टोलको मंगल। हिरादाई झन डरायो। त्यो सरासर घरतिर गयो।

बिहान! हेर्दै रमाइलो!! चारैतिर मान्छेको चहल पहल। तर हाम्रो हिरादाई भने निराश भावले यताउता घुमिरह्यो। उ हिजो रातभरि नै निदाउन सकेको थिएन। मदन साहुको आठ हजारको मालसामान हराएको हल्ला पनि उसले सुन्यो। कसले चोरेको भनेर उसलाई थाहा थियो। तर आफू नचाहिंदो जंजालमा परिन्छ भनेर चूप लागेर बसे। बरू उ आफैलाई पश्चाताप भइराख्यो। हिजो न चारेको हुनाले। मंगलले चोरेका सामान आफ्नै बनाउन हुन्थ्यो। उसले मात्र किन आँट गर्न सकिएन।

चोर्न नपाएर रन्थनिएका हिरादाई विहारमा पुगे। विहार भित्र मान्छेको जमघट देखे। बीचमा शान्त मूर्ति जस्तो बसिराख्नु भएको भिक्षु र विहारको एकातिर सवै राम्रा राम्रा जुत्ताहरू। सुन नपाए पनि पितलसम्म भए पनि हातमा पारूँ भन्ने मनमा आयो। भित्र सुटुक्क पसि एक दुई जोर जुत्ता फेला पारूँ भनेर जुत्ता भएतिर बस्न गए।

भिक्षुले भन्नुभयो– "धार्मिक बन्धुहरू! आज म ४ थौं सप्तरत्न धन– ओतप्प धनको बारेमा भन्न लागेको छु। खराब काम गर्न डराउनु, भय लिनुलाई नै ओतप्प भन्दछ। यो धन भएकाले नराम्रो काम गर्दा भोग्नु पर्ने परिणाम सम्झी भय भइराख्दछ। सत्य काम गर्न नडराउने तर असत्य काम गर्न डराउनेलाई ओतप्प गुण भएको मान्छे भन्दछ।

"ओतप्प गुण नभएको मान्छेले धेरै दुःख कष्ट भोग्नु पर्दछ। खराब कामगर्न पछि हट्दैन, चोर्ने, फटाहा कुरा गर्ने, लागु पदार्थ पिउने, व्यभिचार गर्ने आदि कुकर्महरू गर्दछ। यसले गर्दा नराम्रो फल भोग्नु पर्दछ। सवैले मन नपराई बस्नु पर्दछ। यस्तै मान्छेहरूले सजायँ भोग्नु पर्दछ। यिनीहरूलाई नै समातेर लैजान्छ, चुट्द छ, कालो मोसो दलि देश घुमाउँछ... जसलाई नराम्रो काम गर्न डर भय हुन्छ त्यसले सजायँ पनि भोग्नु पर्दैन।"

जुत्तातिर हात लम्किराखेको हिरादाईको हात टक्क अडियो। भिक्षुको कुरा सुनेर मनै ढुक ढुक भयो। छिटै आफ्नो हात झिक्यो। त्यसपछि ध्यान दिएर कथा सुन्न थाल्यो।

पैसा छ भनि घमण्ड गर्ने गणेशले अर्काको स्वास्नीसंग व्यभिचार गरेकोले कसले-कसले उसलाई राती मर्ने जस्तो गरी चर्पीमा थुनिराखेको घटना ताजा नै कुरो हो। रक्सी, जूवा खेल्नु पर्ने कान्छा साहु जूवामा हारी हजारौं नोकर भएका साहु आज तेल बोक्ने काम गर्दैछ। हात खुट्टा बलियो हुँदा अर्कालाई लुट्ने रामे आजभोलि महारोगले आधा जिउँदो आधा मरणशील अवस्थामा भएको सवैले सम्झे।

भिक्षुले भन्दै जानुभयो– "यदि हाम्रो आचरण राम्रो बनाउने हो भने हामीसंग ओतप्प धन नभई हुँदैन। ओतप्प धन त्यो संरक्षक हो जसले हाम्रो शीललाई बचाई राख्दछ। हामीमा बराबर नराम्रो विचार आउँछ। तर पनि हामीले नराम्रो काम गर्दैनौं, गर्न डराउँछौं। जोसंग ओतप्प धन हुँदैन त्यो चोर ज्यानमारा, लुच्चा, फताहा हुन्छ। जसलाई कसैले पनि मन पराउँदैन। उदेखि सबै रिसाउँछ। त्यस्तो मान्छेले दुःख पाउँछ। पिटाई खान्छ, विभिन्न किसिमको कष्ट भोग्नु पर्दछ। नराम्रो काम गर्ने कोही पनि भाग्न पाउँदैन। उसले त्यस कामको फल अवश्य नै भोग्नु पर्दछ। नराम्रो कामको डरलाग्दो फलदेखि डराउनु पर्दछ। यसरी डराएर पछि हटे मात्र हामीले सुखपूर्वक जीवन बिताउन पाउँछौं...।" *(क्रमशः)*

*आयोजक -*

लौ त छलफल शुरु गर्ने होइन ? यहाँहरूको के कस्ता खालका जिज्ञासाहरू रहेछन् सुनिहालौं न ।

*एक महिला सहभागी -*

"मैले एकपटक भिक्षुहरूलाई निमन्त्रणा गरी भोजन दान दिएकी थिएँ । भोजन कार्यक्रम पश्चात् उहाँहरूलाई परित्राण पाठ गर्न अनुरोध गरें । अनि भिक्षुरूबाट परित्राण पाठ शुरू भयो । मैले ध्यानपूर्वक परित्राण पाठ सुनें । परित्राण पाठ गर्ने क्रममा उहाँहरूले **"आकासट्ठा च भुमट्ठा देवा नागा महिद्धिका, एत्तावता च अम्हेहि सम्भतं पुञ्ञसम्पदं, सब्बे देवा, सब्बे भूता..."** आदि शब्दहरू पनि पाठ गरेको सुनें । यसरी देवता र भूता शब्दको अर्थ के होला बुझ्न सकिन । के बुद्ध शिक्षामा विश्वास गर्ने व्यक्तिहरूले पनि देवता र भूतमा विश्वास गर्दा रहेछन् ?"

*आयोजक -*

पहिला यहाँको परिचय पाउँ न ।

*महिला सहभागी -*

म क्याम्पस प्रमुख थिएँ पहिला । तर हाल मैले अवकाश प्राप्त गरी बसेकी छु ।

*आयोजक -*

यहाँले राम्रै प्रश्न सोध्नु भएको छ । थाहा पाईराख्नु पर्ने कुरा हो यो । परित्राण पाठ गर्ने क्रममा भूमी आकाश आदि विभिन्न स्थानमा रहेका देवता र नागहरूको पनि शब्द उल्लेख भएको पाइन्छ । तर यो देवता शब्दले कुनै शक्तिशाली ईश्वरलाई जनाएको होइन । सामान्य देवदेवीको अर्थ हो यो । भूत शब्दले पनि कुनै भूतलाई जनाएको नभई बितिसकेको समयलाई जनाएको हो । यी सबै शब्दहरू महायानका कोशेलीहरू हुन् । महायानीहरूले प्रचार गरेको पूजापाठले बुद्ध शिक्षा अनुयायी मानिसहरू लगायत अन्य थुप्रै मानिसहरूमा पनि गहिरो प्रभाव पारेको देखिन्छ । बुद्ध परिनिर्वाण हुनुभएको ४०० वर्ष पछि महायानी प्रभाव बढ्दै गएको देखिन्छ । हुँदा-हुँदै श्रीलंका, बर्मा र थाइलैण्डसम्म पनि यसको प्रभाव परेको देखिन्छ । यी विभिन्न स्थानहरूमा थेरवादी प्रथा समाप्त नभएपनि महायानी संस्कारले पनि आफ्नो स्थान ओगटिरहेकै देखिन्छ । त्यसैले देवी देवता र भूत आदी विषयका शब्दहरू महायानी देनको रूपमा रहिरहेकै देखिन्छ । हुदा हुँदै यी शब्द पाली साहित्यमा पनि गाभिसकेका छन् ।

बुद्ध अनुयायीहरूले बुद्ध पूजा गर्ने बेला यसरी पढ्ने गर्छन्- **"नत्थिमे सरणं अञ्ञं बुद्धो मे सरणं वरं"** अर्थात् बुद्ध बाहेक अरूको शरण जान्न ।" तर के गर्नु आफ्नो कमजोर मनको वसमा गएपछि आफूले वाचा गरेको पनि बिर्सन पुग्छन् ? भिक्षुहरूले उपदेश दिने बेला यसरी भन्ने गर्छन्," बुद्ध बरदान दिने व्यक्ति होइन । मानिसको मन कमजोर छ । आचरण शुद्धिमा ध्यान नदिईकन देवी देवताको वरदान लिने तर्फ ध्यान दिन पुग्छन् । त्यसैले बुद्ध शिक्षा अनुयायीहरूमा पुरानो वैदिक संस्कार भनुं वा महायानी संस्कार त्याग्न नसकेको भनुं उनीहरूमा देवी देवताहरू प्रति बढ्दो आस्था रहेको देखिन्छ आदि आदि ।" हाल बुद्ध मार्गीहरूमा स्वतन्त्र चिन्तन र सम्यक दृष्टिको कमीले गर्दा विकृती देखा परेको भन्नु पर्ला । हामीलाई यी सत्य तथ्यहरू बताइरहन पनि डर लाग्छ, कहिं भिक्षुरूको गतिविधीहरूमा ठेस पुग्ला कि भनेर । वास्तवमा बुद्ध शिक्षा अनुयायीहरूले बुद्ध शिक्षा बाहेक अन्य लरतरो कुरामा ध्यान दिनु अर्थहीन हुन जान्छ । तपाईले सोध्नुभएको प्रश्नलाई उत्तर दिन बाध्य भएकोले मात्र यी कुराहरू उल्लेख गरेका हौं ।

*महिला सहभागी -*

मेरो जिज्ञासा पूरा गरिदिनु भएकोमा यहाँहरूलाई धन्यवाद छ । मेरो मनमा उठेका शंकाहरू सबै हटेर गए अब । तपाईंहरूको छलफल कार्यक्रममा भाग लिएमा बिभिन्न शंकाहरू समाधान हुन्छ भन्ने सुनेर म यहाँ भाग लिन आएकी थिएँ । राम्रै भएछ । लौ त आजलाई बिदा लिन पर्ला ।

अन्य सहभागीहरू पनि खुशी व्यक्त गर्दै फर्के ।


## बनेपामा स्थित ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

| | दाताहरूको नाम | रकम |
|---|---|---|
| १. | मन्दिरा ताम्राकार (स्व. आमाबुबाको पुण्य स्मृतिमा) | रु. ५०००/- |
| २. | जुजुकाजी शाक्य, बनेपा (स्व. पूर्णचन्द्र शाक्यको पुण्य स्मृतिमा) | रु. २५०० - |
| ३. | तीर्थ देव मानन्धर (स्व.पुत्रको पुण्य स्मृतिमा) | रु. २००/- |
| ४. | कवीराज खड्गी, ललितपुर | रु. २०००/- |
| ५. | भिक्षु मंगल र मलेशियन भिक्षु | रु. १०००/- |
| ६. | श्री लोकदर्शन, र श्रीमती बासन्ती बज्राचार्यबाट (१२ जना बालिकालाई १२ जोर लुगाको लागि) | रु. ५०००/- |
| ७. | भक्त | रु. २००/- |
| ८. | रेजिना, स्मृति र श्रृष्टि ताम्राकार | रु. ३००/- |



Downloaded from http://www.dhamma.digital

# भिन्तुना !



## धम्मवती गुरुमाँ

पूज्यनीय "सासनधज, धम्माचरिय", अग्गमहागन्थवाचक पण्डित"

धम्मवती गुरुमाँ ६८ दँ फुना: ६९ दँ क्यंगुया

उपलक्ष्यय् वसपोलया

सुस्वास्थ्य व दीर्घायुया कामना यासें वसपोलया

उपदेश सदां न्यना च्वने दयेमा धका: आशिका याना ।

**धर्मकीर्ति विहारया**

**उपासक-उपासिका परिवार**


# भिन्तुना !



लोचन तारा तुलाधर
सिरपा: ला:गु
साल बु.सं. २५४३



रीना तुलाधर
सिरपा: ला:गु
साल बु.सं. २५४७



राजा बज्राचार्य
सिरपा: ला:गु
साल बु.सं. २५४७

बुद्ध धर्मया स्यलय् उत्कृष्ट च्वसु च्वयादीगुलिं <u>'पञ्चवीरसिंह सिरपा'</u> नं विभूषित जुयादीपिं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दुजःपिं लोचन तारा तुलाधर, रीना तुलाधर व राजा बज्राचार्यपिन्त भिन्तुना देछासें वय्कःपिसं बुद्ध धर्म प्रचार यायेत थःथःगु च्वसा न्ह्याकातुं च्वनी धयागु भलसा कया ।

**'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी' परिवार ।**

*लसकुस ! लसकुस !! लसकुस !!!*

## लेखन कला तालिमय् लसकुस !

धर्मकीर्ति बौद्ध अधययन गोष्ठीया आयोजनाय् लोचन तारा तुलाधर व रीना तुलाधरया संयोजकत्वय् गोष्ठीया नियमित शनिवारीय कक्षा मध्ये प्रत्येक महिनाया अन्तिम शनिवारया कक्षाय् 'सन्ध्या टाइम्स' न्हिपौया हनेबहःम्ह सम्पादक सुरेश किरण मानन्धरजुपाखें लेखन विधिया विविध विषयस तालिम जुया च्वंगु दु । तालिमय् ब्वति कया: लव: कया दिसँ ।

"झासँ ! थ:गु च्वसा छ्यूलाः बुद्ध शिक्षा न्यंके"

———: सम्पर्क :———

जयवती गुरुमाँ, इन्दावती गुरुमाँ
धर्मकीर्ति विहार ।
फोन ४-२५९४६६

लोचनातारा तुलाधर
फोन: ४-२२३६२३

रीना तुलाधर
फोन: ४-४३४५३३

Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनीवारिय कार्यक्रम

२०६० जेठ १० गते । स्थान- धर्मकीर्ति विहार ।

**विषय - मिलिन्द प्रश्न**

यसदिन धम्मवती गुरुमाँले संस्कार र अरहन्तहरूको स्वभाव विषयमा स्पष्ट पार्नुभएको थियो । यही सिलसिलामा उहाँले भन्नुभयो- भिक्षु नागसेन बिद्वान, तीक्ष्ण बुद्धी, सानै उमेरमा वेदमा पारंगत हुनु यी सबै उहाँको पहिलाको संस्कार हुन् । त्यसैले हामीले पनि अध्ययन गर्ने नयाँ कुरा सिक्ने र थाहापाउने तर्फ लाग्नु पर्दछ । बुढो भइयो अब यो उमेरमा सिक्न सकिंदैन भनी अल्छी बन्न हुँदैन । हामीले जति पनि सिकिन्छ ती सबै पछिको लागि संस्कार बन्ने छ ।

अरहन्त वा निक्लेसी व्यक्तिहरू र पृथक जन व्यक्तिरूको स्वभावमा धेरै फरक हुन्छन् । उदाहरणको लागि रोहण भन्ते निरोध समापत्तिमा बस्नु भएको बेला भिक्षुसंघको सभामा जान नसकेको कारणले संघले दण्ड स्वरूप उहाँलाई नागसेनलाई प्रव्रजित गराउन नसकेसम्म नागसेनको घरमा भिक्षाटन जानुपर्ने कार्यको जिम्मा लगाइएको थियो । रोहण भन्तेले संघको यस दण्डलाई कुनै बिरोध नगरी सहर्ष पूर्वक स्वीकार गर्नुभएको थियो । तर साधारण पृथकजन व्यक्ति भए निरोध समापत्ति ध्यानमा रहँदा भिक्षु संघको सभा बसेको विषयमा थाहा नै नहुने हुँदा यस बिषयमा आफु निर्दोष रहेको कुरा बताउँदै दण्ड भोग्न तयार हुने थिएन होला अर्थात् त्यस्तो अवस्थामा यस दण्डलाई बिरोध गरी द्वेष भावना प्रकट गर्थे होला । यसरी जहाँ क्लेश युक्त मानिसहरूको बाहुल्यता हुन्छ, त्यहाँ शान्ति होइन बिरोधी आवाज र अशान्तिले बढि ठाउँ लिने हुन्छ ।

नराम्रो संस्कार पापको प्रमूख द्वार हो । यसरी नै आफ्नो दोष लुकाई अरुको मात्र दोष खोज्ने बानीले पनि शान्ती होइन अशान्ती नै ल्याउँछ । त्यसैले हामीले आफ्नो दोष नलुकाउने भिक्षु राहुलको आदर्शलाई अपनाउनु राम्रो हुनेछ ।

२०६० जेठ ३१ गते । स्थान- धर्मकीर्ति विहार ।

**विषय - लेखन प्रतिभा बिकास तालिम**

यसदिन सन्ध्या टाइम्स पत्रिकाका सम्पादक सुरेश किरण मानन्धरबाट लेखन प्रतिभा विकास विषयमा प्रशिक्षण दिनुभएको थियो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा संचालित यस कार्यक्रममा रिपोर्टिङ्ग विषयमा प्रशिक्षण दिइएको थियो । यसको सिलसिलामा कुनै पनि कार्यक्रमको रिपोर्ट लेखी पत्रिकामा समावेश गर्ने बेलामा कसरी लेख्ने, सो को तरीका विषयमा प्रशिक्षण दिइएको थियो ।

यसरी नै असार २८ गते उहाँले कुनै पनि लेख लेख्ने बेला सो लेखको भाषा, शैलीलाई कसरी प्रयोग गर्ने भन्ने विषयमा प्रशिक्षण दिनु भएको थियो ।

स्मरणिय छ, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा हरेक महिनाको अन्तिम शनीवार लेखन प्रतिभा विकास तालिम कार्यक्रम संचालन भइरहेको छ ।

**मिलिन्द प्रश्न**

२०६० असार १४ गते, शनीवार ।
स्थान- धर्मकीर्ति विहार । रिपोर्टर- रामेश्वरी

यसदिन वीर्यवती गुरुमांले मिलिन्द प्रश्न पुस्तक अध्ययन गर्ने सिलसिलामा भन्नुभयो- बुद्धोपदेशित अभिधर्म अनुसार संक्षिप्तमा चित्तलाई तीन भागमा विभाजन गरिएको पाइन्छ ।

१) कुशल चित्त २) अकुशल चित्त र ३) अव्यागत चित्त

आफ्नो र अरूको भलो चिताउने चित्तलाई कुशल चित्त भनिन्छ भने आफ्नो मात्र स्वार्थ पूरा गर्ने नियतले अरूलाई हानी पुऱ्याई काम गर्न खोज्ने चित्तलाई अकुशल चित्त भनिन्छ । सबैको भलो चिताई काम गर्ने तर त्यस राम्रो कार्यको प्रतिफल भोग्ने आशा नराखी यसलाई आफ्नो कर्त्तव्य मात्र ठान्ने चित्तलाई अव्यागत चित्त भनिन्छ । अव्यागत चित्त साधारण प्रथकजन व्यक्तिरूमा आउन सक्दैन । क्लेश रहीत व्यक्तिहरूमा मात्र अव्यागत चित्तहरू उत्पन्न हुनेगर्छ ।

यसरी जसले अभिधर्म अध्ययन गरी बिभिन्न प्रकारका चित्तका स्वभावहरू अध्ययन गर्दछ, उसले आफूमा उत्पन्न भइरहेका चित्तहरूलाई जाँच्दै खराव क्लेशयुक्त चित्तहरूलाई हटाउँदै जाने अभ्यास गर्न सकेमा, आफूले आफैलाई चिन्न सकेमा आफूलाई बिस्तारै शुद्ध र निक्लेशी बनाउन सकिनेछ ।

भिक्षु नागसेनलाई एकदिन एक उपासिकाको घरमा भिक्षु अस्सगुत्तले दान अनुमोदन गर्न लगाउनु हुँदा भिक्षु नागसेनले चित्त एकाग्र पारी अभिधर्म विषयमा धर्मदेशना गर्नुहुँदै त्यही समयमा स्रोतापन्न फल प्राप्त गर्न सफल हुनुभएको थियो ।

त्यसपछि भिक्षु धर्मरक्षित समक्ष बुद्ध शिक्षा अध्ययन गर्नुभयो । उक्त अवधिमा पनि विपश्यना ज्ञानको तह बढाउँदै आफूले आफैलाई जाँच्न सफल हुनुभई अर्हन्त हुनु भएको थियो ।

त्यसैले बुद्ध शिक्षा अध्ययन गरि विद्वान बन्नको लागि मात्र होइन । यस शिक्षा अनुसार आफ्नो चित्तलाई हरेक क्षण काम गराउन सकेमा मात्र ठोस उपलब्धी हासिल हुने रहेछ ।"

## चूल कम्म विभङ्ग सुत्त

२०६० असार २१ गते । स्थान- धर्मकीर्ति विहार ।
रिपोर्टर- नीता केशरी ।

यसदिन श्री श्यामलाल चित्रकारले **"चूल कम्म विभङ्ग सुत्त"** विषयमा प्रकाश पार्नुहुदै भन्नुभयो– "चूलकम्म विभङ्ग सूत्रमा तोदेय्य ब्राह्मणको छोरा शुभ मानवकले भगवान बुद्ध समक्ष यसरी प्रश्न राखेका थिए- भो भगवान् । प्राणीहरू किन र कसरी कोही अल्पायु, कोही दीर्घायू, कोही निरोगी त कोही रोगी, कोही राम्रा त कोही नराम्रा, कोही प्रभावशाली त कोही प्रभावहीन, कोही गरीब त कोही धनी, कोही नीच कूलका त कोही उच्चकूलका, कोही मूर्ख त कोही विद्वान हुन्छन् । यसको कारण के होला ?

शुभ मानवकका यी प्रश्नहरूको उत्तर भगवान् बुद्धले यसरी दिनुभएको थियो–

हे मानवक ! कर्म नै सबै प्राणीका सम्पत्ति अंश, योनी, बन्धु र शरण हुन । आफूले गरेका कर्मकै कारणले उनीहरू नीच, उच्च, धनी, गरीब आदि हुन्छन् । विस्तृत अर्थमा भन्ने हो भने प्राणी हिंसाको कारणले अल्पायु हुन्छ भने अहिंसाको कारणले दीर्घायु हुन्छन् । अरुको शरीरमा दुःख कष्ट दिएको कारणले रोगी हुन्छन् भने अरूलाई भलो गरेको कारणले निरोगी, रिसाहा बनेको कारणले कुरूप हुन्छ आदि आदि प्रकृतीको यी नियम नै हुन् । त्यसैले आ-आफ्ना कर्मानुसार सबैले फल भोग्नु पर्ने हुन्छ । त्यसैले हामीले दश अकुशल र दश पुण्य क्रियाको राम्ररी अध्ययन गरी सोही अनुसार आफूलाई अभ्यासरत गर्न अति जरुरी छ । चित्तको चेतना अनुसार नै कर्म संस्कार बन्ने हुनाले कुशल अकुशल दुवैलाई त्याग्न सकेमा मात्र क्लेश रहीत चित्तको आशा गर्न सकिनेछ । तब मात्र निर्वाण प्राप्त गर्न सकिनेछ ।

## "प्रव्रज्या दिवस"

रिपोर्टर- सुश्री नीता केशरी श्रेष्ठ, सुश्री रामकुमारी श्रेष्ठ

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले अल्पकालिन प्रव्रजित भएका पुरूषहरू महिलाहरू तथा अन्य उपासक उपासिकाहरूलाई साल सालै ठाउँ-ठाउँमा भेला गराई "प्रव्रज्या दिवस" मनाउँदै आएकोमा यस बर्ष पनि मिति २०६० साल आषाढ ७ गतेका दिन धर्मकीर्ति बसुन्धरा विहार काठमाडौंमा बिहान र दिउँसो दुई चरणको कार्यक्रमहरू राखी "प्रव्रज्या दिवस" रमाइलो सँग मनाइयो । सोहि दिन उक्त विहारमा संचालन भएको ७ दिने प्रव्रज्या शिविरको पनि समापन समारोह सम्पन्न भयो ।

दोश्रो चरणको कार्यक्रमको अन्त्यतीर गोष्ठीका अध्यक्षा श्रद्धेय धम्मवती गुरूमाँले प्रव्रजित हुनुको महत्व र फाइदा बारे बोध गराउनु भयो । भगवान बुद्धले आनन्दलाई पाँचवटा दुर्लभहरू बारे बराबर सम्झाउनु हुन्थ्यो । बुद्ध उत्पन्न हुनु गुणी मनुष्यत्व भाव हुनु, प्रव्रजीत हुनु, श्रद्धा उत्पन्न हुनु र सद्धर्म सुन्न पाउनु दुर्लभ छन् । सधैंलाई नभएपनि केहि दिनको लागि भए पनि प्रव्रजीत हुन पाउनु राम्रो अवसर हो । सोबाट फाइदा उठाइ आआफ्नो जीवन सुखमय बनाउन श्रद्धेय गुरूमांले उपदेश दिनु भयो । यस प्रकारको अल्पकालीन प्रव्रज्या शिविर वर्षको एक पटक संवेजनीय स्थल लुम्बिनीमा गर्नुपर्ने सल्लाह दिनु भयो । प्रवचनको क्रममा लुम्बिनी, बुद्धगया, सारनाथ र कुशीनगर ४ संवेजनीय स्थलहरू भएको तथा बुद्ध गया, सारनाथ, संकाश्य र श्रावस्ती ४ अवेजनीय स्थलहरू भएको कुरा बताउनु भयो । सो अबसरमा श्रीघः विहारका भिक्षु मेधंकरले प्रव्रजीत भई त्यागी जीवन बाट बुद्ध धर्मबारे छिटो थाहा पाउन सकिने तथा अल्पकालिन प्रव्रज्याले असल संस्कार बन्ने र श्रद्धा उत्पन्नमा मदत पुग्ने कुरा बताउनु भयो । पहिलो चरणको कार्यक्रम बिहान जलपान पछि बुद्ध पूजा, धर्मदेशना, "सहनशीलता" विषयमा परिसम्बाद कार्यक्रमहरू सम्पन्न भएको थियो । धर्मदेशना दिनेक्रममा धर्मकीर्ति बसुन्धरा विहारका श्रद्धेय कुसुम गुरुमाँले यसरी अल्पकालिन प्रव्रज्या शिविर उक्त विहार मा संचालन भएकोमा हर्ष प्रकट गर्नु भयो साथै शिविर मा सिकेका कुराहरू गृहस्थ जीवनमा फर्के पछि पनि लागु गरी आआफ्नो आचरणमा सुधार ल्याउन सहभागी श्रामणेरहरू र ऋषिणीहरूलाई उपदेश दिनु भयो ।

गोष्ठीका उपाध्यक्ष श्री इन्द्रकुमार नकर्मीले संचालन गर्नु भएको 'सहनशीलता" विषयक परिसम्वादमा श्रेद्धय इन्द्रावती गुरुमाँ, श्री श्यामलाल चित्रकार, सुश्री नीताकेशरी श्रेष्ठ, श्री दुर्गालाल शिल्पकार र श्री सोभियतरत्न तुलाधरले भाग लिनु भएको थियो । सहनशीलता विषय संचालकले प्रस्तुत गर्नु भएको विभिन्न प्रश्नहरूमा बक्ताहरूले आफ्नो विचार र धारणा प्रस्तुत गर्नुभयो । प्रश्न उत्तरको संक्षिप्त विवरण यस प्रकार छन्–

***प्रश्न १ सहनशीलता लाई कसरी परिभाषित गर्नु हुन्छ ?***

***उत्तरः*** हावा पानी, मौसम, घटना, ब्यक्ति पशुपंछीबाट आफुलाई दुःख नोक्सान र प्रतिकूल असर पर्ने अवस्थामा पनि सहन गर्ने र प्रतिकृया नगरी क्षमा दिने गुण धर्मलाई सहनशीलता भनिन्छ । सहनशीलतालाई पालि भाषामा क्षान्ति भनिन्छ । दशपारमिता मध्ये क्षान्ति पारमिता एक हो ।

***प्रश्न २ हाम्रो जीवनमा सहनशीलता कतिको आवश्यकता र सान्दर्भिक छ ?***

***उत्तरः*** सहनशीलता जीवनको एक आधार हो । सहनशीलता बिना शान्ति सम्भव छैन । आजको भौतिकवादी र ब्यक्तिबादी समाजमा सहनशीलताको बढी खाँचो छ ।

***प्रश्न ३ ब्यवहारिक जीवनमा सहनु कतिको सजिलो छ ?***

***उत्तरः*** भन्न सजिलो छ तर गर्न गाह्रो छ । आफुलाई परेको बेला सहनु सजिलो छैन । होश राखी कोशिस गर्दै




Downloaded from http://www.dhamma.digital

गरेमा सकिन्छ पनि ।

***प्रश्न ४ आफ्नो सहनशीलताले कसैको हृदय परिवर्तन भएको घटना भए बताइ दिनु हुन्छ की ?***

***उत्तरः*** रीस नदेखाई सहने गर्दा तनाव कम भई आपसी सम्बन्ध कायम भइरहने र ग्राहकहरूको सन्दर्भमा मनलाई सन्तुलनमा राखी सहने गरेमा फाइदा रहेको एकजना वक्ताले आफ्नो अनुभव बताउनु भयो भने अर्को वक्ताले धार्मिक सेवा कार्यहरू र परिवारमा कर्तव्य पालन गर्ने गर्दा अरु प्रेरित भएको देखिएको कुरा बताउनु भयो ।

***प्रश्न ५ सहने गर्दा कुनै बेफाइदा पनि हुन्छ कि ?***

***उत्तरः*** क्षान्तिपारमिता पुरा गर्ने बोधिसत्वहरूले आफ्नो ज्यानै जाने अवस्था सम्म पनि सहने गर्दछ । तर यो लौकिक जीवनमा धेरै सहने गर्दा द्वेषभाव बृद्धी हुने र अरूले थिचोमिचो् गर्ने गरेको देखिन्छ ।

***प्रश्न ६ क्षान्तिपारमिताको अभ्यासलाई कसरी पुरा भएको मान्न सकिन्छ ?***

***उत्तरः*** लोभ, द्वेष र मोहको वसमा परि वाध्यतावस सहन गरेको लाई क्षान्ति पारमिता भित्र पर्दैन । निर्वाणको उद्देश्य लिई मैत्री र करुणाको चित्त सहित सहने गरेमा क्षान्ति पारमिता भन्न सकिन्छ ।

कार्यक्रमको अन्तमा संचालक श्री इन्द्रकुमार नकर्मिले सहनशीलता एउटा मानविय गुण धर्म हो । यसले रीस रूपी महासागरको लागि बाँधको काम गर्दछ ४ अपाय भूमीलाई नास गर्दछ, र सहनशीलता निर्वाणको मूल ढोका हो भनि क्षान्तिपारमिताको महिमा बारे टिप्पणी गर्नु भयो ।

पहिलो चरणको कार्यक्रमहरू यस ७ दिने अल्पकालिन प्रव्रज्या शिविरको सहसंयोजक श्री विकाश रत्न तुलाधरले संचालन गर्नुभएको थियो ।

भोजन पछिको दोश्रो चरणमा "मैले जाने जस्तो धर्मकीर्ति" विषयमा मन्तव्य प्रस्तुत गर्ने र अल्पकालिन प्रव्रज्या शिविरको सहभागीरूले आफ्नो अनुभव प्रस्तुत गर्ने कार्यक्रमहरू सम्पन्न भएको थियो । कार्यक्रमको शुरूमा गोष्ठीका सचिव श्रीमती रमा कंसाकारले उपस्थित भेलालाई स्वागत गर्दै आउँदो पौष महिनामा लुम्बिनीमा हुन गइरहेको अल्पकालिन प्रव्रज्या शिविरको सफलताको लागी आवश्यक आर्थिक सहयोग र सेवा प्रदान गर्ने आव्हान गर्नु भयो ।

गोष्ठीका सह कोषाध्यक्ष श्यामलाल चित्रकारले संचालन गर्नु भएको उपरोक्त कार्यक्रमहरू मध्ये "मैले जाने जस्तो धर्मकीर्ति" विषयमा स्वास्थ्य कमितिका सदस्य श्री रोशन काजी तुलाधर, श्री सिप्रिकमान, श्रीमती अमृतशोभा शाक्य र सुश्री कल्पना शाक्यले भावपूर्ण अभिव्यक्ति दिनुभयो र अल्पकालिन प्रव्रज्या शिविरका सहभागीहरू मध्ये श्री अमीर मान रंजित र श्रीमती चन्द्रावती तुलाधरले अकुशल कार्य नगर्ने र कुशल कार्यहरू गर्दै जाने प्रण गर्दै शिविर संचालनमा सहयोग गर्ने सबै प्रतिकृज्ञता प्रकट गर्नुभयो ।

अन्तमा सहसंयोजक श्रीमती मीना तुलाधरले अल्प-कालिन प्रव्रज्या शिविर सफलता पूर्वक सम्पन्न गर्न सहयोग गर्ने सबै महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

## धर्मकीर्ति विहारमा सफल गृहिणी तालिम

**२०६० श्रावण १० गते, शनिवार ।**

स्थान- धर्मकीर्ति विहार, श्रीघः न:घल । हरेक दिन सफल, सुखी र शिक्षित परिवार निर्माणको लागि एक शिक्षित र कुशल गृहिणीको ठूलो भूमिका रहेको हुन्छ । यही प्रमुख लक्षलाई दृष्टिगत गरी धर्मकीर्ति विहारको आयोजनामा एकदिने सफल गृहिणी तालिम कार्यक्रम संचालन गरिएको छ । जम्मा २०० जना गृहिणीहरूको नाम दर्ता भएको उक्त कार्यक्रममा १८० गृहिणीहरूले भाग लिएका थिए ।

गर्भवती अवस्थामा के कस्तो शिक्षा लिनु पर्छ, कमाइएको धनलाई आफ्नो आय-व्यको हिसाब-किताब मिलाई कसरी र किन सुरक्षितसाथ सञ्चय गर्नुपर्छ, आफूभन्दा उमेर र कर्मले ठूला सासु-ससुरा र श्रीमान् आदि प्रति कसरी कर्त्तव्य निभाउनु पर्दछ, आफ्नो कोखबाट जन्मिसकेका बाल-बालिकालाई नैतिक शिक्षा सिकाउने विषयमा आमाको भूमिका कस्तो हुनुपर्छ आदि आदि विषयमा शिक्षा सिकाइएको उक्त तालिमका प्रशिक्षकहरू यसरी हुनुहुन्थ्यो– (१) भिक्षु अश्वघोष महास्थविर (२) भिक्षुणी धम्मवती (३) डा. सुमनकमल तुलाधर (४) रीना तुलाधर ।

## भिक्षुणी धम्मवतीको ६९ औं जन्मदिनको उपलक्षमा साप्ताहिक अभिधर्म पाठ सम्पन्न

भिक्षुणी धम्मवतीको ६९ औं वर्षिय जन्मदिनको उपलक्षमा धर्मकीर्ति विहारमा मिति २०६० असार २५ गते देखि ३१ गते सम्म भिक्षु महासंघबाट साप्ताहिक अभिधर्म पाठ सम्पन्न गरिएको छ ।

थुप्रै श्रद्धालु उपासक उपासिकाहरूले अभिधर्म पाठ र धर्मदेशना श्रवण गरी साप्ताहिक बुद्ध पूजामा सम्मिलित भई दान प्रदान गर्ने मौका पाएको उक्त धार्मिक कार्यक्रममा सहभागी हुनुभएका सबै भिक्षु श्रामणेर र गुरुमांहरूलाई भिक्षुणी धम्मवतीले दान प्रदान गरी पूण्य सञ्चय गर्नुभएको थियो ।

साप्ताहिक अभिधर्म पाठ कार्यक्रम र उक्त कार्यक्रममा धर्मदेशना गर्नुहुने पूज्य भिक्षुहरूको नाम लगायत उक्त कार्यक्रममा धर्म श्रवण गर्न आउनुहुने सहभागीहरू सबैलाई प्रसाद (जलपान) दान गर्नुहुने दाताहरू र भन्ते गुरुमांहरूलाई भोजन दान गर्नुहुने दाताहरूको विवरण तल उल्लेख गरिएको छ ।

| क्र.सं. | मिति | अभिधर्म पाठ | प्रवचक | प्रसाद (जलपान दाता) | भोजन दाता |
|---|---|---|---|---|---|
| १ | २०६० असार २५ | धम्मसङ्गणि | सयादो ऊ सुजनपिय | धम्मविजया गुरुमां | चिनीशाक्य पुचः |
| २ | २०६० असार २६ | विभङ्ग | भिक्षु अश्वघोष | कर्णकुमारी पुचः, लतनारां, इन्द्रमान | पुष्पदेवी तुलाधर |
| ३ | २०६० असार २७ | कथावत्थु | भिक्षु आनन्द | राजेश, शोभा श्रेष्ठ, हेरामान, जनकमाया | पुलांपुचः, मिश्री गुरुमां |
| ४ | २०६० असार २८ | धातुकथा | भिक्षु बोधिसेन | मिजं पुचः | कल्याणी |
| ५ | २०६० असार २९ | पुग्गलपञ्ञत्ति | भिक्षु कोण्डञ्ञ | पुष्परत्न पुचः, कृष्णादेवी पुचः, वीर्यवती गुरुमां | पूर्णहेरा पुचः |
| ६ | २०६० असार ३० | यमक | भिक्षु ज्ञानपुर्णिक | पद्मावती गुरुमां | अष्टमाया पुचः |
| ७ | २०६० असार ३१ | पट्ठान | भिक्षु कुमार काशयप | वासन्ती बज्राचार्य, करुणा | न्हू पुचः |

## गुरु पूजा

२०६० असार २९ गते। स्थान- धर्मकीर्ति विहार।

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिको आयोजनामा धर्मकीर्ति बौद्ध अधयरन गोष्ठीका धम्मानुशासक भिक्षु अश्वघोष महास्थविर, अध्यक्ष धम्मवती गुरुमाँ, रत्न मञ्जरी गुरुमां लगायत विहारका अन्य गुरुमाँहरूलाई धर्मपूजा गरी गुरुपूजा सम्पन्न गरिएको छ।

धम्मवती गुरुमाँको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा गोष्ठिका सचिव रमा कंसारकारले स्वागत भाषण गर्नुभएको थियो भने सदस्य नीता केशरीले गुरु पूजाको महत्त्व विषयमा आफ्नो मन्तव्य ब्यक्त गर्नुभएको थियो। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा संचालित लेखन कला तालिममा सहभागी हुनुभएका बिजयलक्ष्मी शाक्यले गुरुपूजाको महत्त्व विषयमा लेख्नु भएको लेख "गुरुपूजा" पढेर सुनाउनु भएको थियो। कार्यक्रमका संचालक श्यामलाल चित्रकारले यस गुरुपूजा कार्यक्रम संचालनार्थ आर्थिक सहयोग दिनुहुने दाताहरूको नाम पनि पढेर सुनाउनु भएको थियो।

उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविरले आशिर्वचन बोल्नु हुँदै भन्नु भयो–

संसारमा अरुलाई उपकार गर्ने व्यक्ति र उपकार गुण स्मरण गर्ने व्यक्तिरू दुबै दुर्लभ छन्। कृतज्ञ गुण स्मरण गरी ऋण चुकाउने वानी महान व्यक्तिहरूमा समावेश भएको हुन्छ। त्यसैले होला भगवान बुद्धले आफूले बुद्धत्त्व प्राप्त गर्दा बस्नु भएको बोधिबृक्षको अपार गुण सम्झी उक्त बोधिबृक्षलाई सातदिन सम्म नेत्र पूजा गर्नुभएको थियो। एउटा बृक्षले संसारमा सबै प्राणीलाई भेदभाव नराखी समान रूपले उपकार गरिरहेको हुन्छ। तर त्यस उपकारको बदला फलको आशा राखेको हुँदैन त्यस रूखले। त्यसैले हामीले पनि रूखको निश्वार्थ सेवाभावको आदर्शलाई लिन सक्नु पर्दछ। अध्ययन गोष्ठीले आज गुरुहरूको कृतज्ञ गुण स्मरण गरी कर्त्तव्य पालन गरेको यस कार्य राम्रो कार्य हो। यसरी नै हामीले आ-आफ्ना आमा, बुबा, गुरु, साथी र जहान परिवार विच परस्पर गुण स्मरण गरी कर्त्तव्यपालन गर्न अत्यावश्यक छ।"

सभापतिको आसनबाट बोल्नुहुँदै धम्मवती गुरुमाँले भन्नुभयो– "जसले कृतज्ञ गुण स्मरण गर्न सक्छ, त्यसलाई नै फाइदा हुन्छ। राम्रो काम गरे राम्रै फल प्राप्त हुनेछ भन्ने ज्ञान हुने व्यक्तिले मात्र गुण स्मरणगरी राम्रो चेतनाले काम गर्न सक्छ। त्यसैले हामीले धर्मको यस नियमलाई जानी बुद्ध शिक्षालाई अभ्यास गर्दै जीवन सफल पार्न सकोस्।"

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव रमा कंसाकार, उपाध्यक्ष इन्द्रकुमार नकर्मी र कोषाध्यक्ष तारा महर्जन सहितको समूहले अध्ययन गोष्ठी परिवारको प्रतिनिधित्त्व गर्नुभई गुरुपूजा अर्पण गरेको उक्त कार्यक्रममा श्यामलाल चित्रकारले धन्यवाद ज्ञापन गरी सभा विसर्जन गर्नु भएको थियो।

## प्रमाण पत्र तथा पुरस्कार वितरण

२०६० श्रावण ३ गते, शनिवार।

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले आयोजना गरिएको बाल चित्रकला प्रतियोगितामा भाग लिएका जम्मा ४१ जना प्रतियोगीहरू मध्ये प्रथम दोश्रो र तेश्रो हुन सफल प्रतियोगीरूलाई भिक्षु अश्वघोष महास्थविरको तर्फबाट प्रमाण पत्र र पुरस्कार वितरण गरिएको थियो। यसको अतिरिक्त उक्त प्रतियोगितामा भाग लिने अन्य सबै प्रतियोगीहरूलाई पनि उहाँले प्रमाण पत्र र पुरस्कार वितरण गर्नुभएको थियो।

उक्त प्रतियोगितामा (४ वर्ष देखि ९ वर्ष सम्मका प्रतियोगीरूको एक समूह र १० वर्ष देखि १५ वर्ष सम्मका एक समूह गरी) जम्मा २ समूहमा विभाजन गरिएको थियो। त्यसैले दुबै समूह गरी प्रथम, दोश्रो र तेश्रो भई विजयी हुन सफल प्रतियोगीहरू जम्मा ६ जवान थिए।

धम्मवती गुरुमाँको सभापतित्त्वमा र भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा संचालित उक्त सभामा धर्मकीर्ति बौद्ध अधयरन गोष्ठीका सचिव रमा कंसाकारले स्वागत, भाषण गर्नुभएको थियो। स्मरणिय छ, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा संचालित बाल चित्रकला प्रतियोगिताहरू मध्ये यो तेश्रो पटकको प्रतियोगिता हो।



Downloaded from http://www.dhamma.digital

यस कार्यक्रममा डा. सुमन कमल तुलाधरले बाल चित्रकला प्रतियोगिता सञ्चालन गर्नुको तात्पर्य बारे आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो भने रामबदन जोशीले यस्तो प्रतियोगितामा भाग लिंदा प्राप्त हुने फाइदा बारे आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

यसरी नै भिक्षु अश्वघोष महास्थविरले पनि चित्रकलाको महत्त्व विषयमा व्याख्या गर्नुभएको थियो भने भिक्षुणी धम्मवतीले शिल्पविद्या सिक्नुको महत्त्व विषयमा बोल्नु भएको थियो ।

उक्त प्रतियोगितामा प्रदीप बज्राचार्य र विनोद प्रधान निर्णायकको रूपमा रहनुभएको थियो ।

भिक्षु अश्वघोष महास्थविरको तर्फबाट दुवै निर्णायकहरू लगायत वालचित्रकलाका शिक्षक प्रसन्न काजी ताम्राकारलाई पनि उपहार प्रदान गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा बाल चित्रकला प्रतियोगिताका संयोजिका श्रीमती कान्ती तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो॥ यस कार्यक्रमका संचालिका प्रफुल्लकमल ताम्राकार हुनुहुन्थ्यो । उक्त प्रतियोगिताका दुबै समूहमा विजयी प्रतियोगीरूको समूह र नाम यसरी रहेको थियो ।

| *समूह (४ वर्ष-९ वर्ष)* | *समूह (१०वर्ष - १५ वर्ष)* |
|---|---|
| ***प्रथम***- प्रकृति श्री तुलाधर | ***प्रथम***- रुवी शाक्य |
| ***द्वितीय***- निलीसा तुलाधर | ***द्वितीय***- रसना बज्राचार्य |
| ***तृतीय***- आयुष | ***तृतीय***- लूज: शाक्य |

## परित्राण मालाया क्यासेट व सिडी विमोचन

२०६० श्रावण १४ गते, बुधवार ।
स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसालय् भिक्षुणी धम्मवतीया ६९ दँ क्यंगु बुदिँया उपलक्षे परित्राण मालाया क्यासेट व सिडी भिक्षुणी धम्मवती पाखें विमोचन जूगु दु ।

उगु क्यासेट, सिडीया मू थुकथं उल्लेख जुयाच्वंगु दु।
क्यासेट रु. ६०/- सिडी रु. १००/-

## बौद्ध ज्ञान चेतना संघको वार्षिकोत्सव सम्पन्न

२०६० आषाढ (२८-३१)। धर्मकीर्ति विहार, श्रीघः नःघः

बौद्ध ज्ञान चेतना संघको वार्षिकोत्सवको उपलक्षमा ९ ज्ञानमाला संघहरू बिच ज्ञानमाला भजन प्रतियोगिताको आयोजना गरिएको थियो । बौद्ध ज्ञान चेतना संघको आयोजनामा संचालित उक्त प्रतियोगितामा पोखरा ज्ञानमाला भजन खलःले उत्कृष्ट स्थान हासिल गर्न सफल भएको थियो ।

उक्त प्रतियोगितामा स्वयम्भू ज्ञानमाला भजन खलः, कीर्तिपुर ज्ञानमाला भजन खलः, हःखा ज्ञानमाला भजन खलः, पोखरा ज्ञानमाला भजन खलः, बुबहाल ज्ञानमाला भजन खलः, श्रीघः ज्ञानमाला भजन खलः, धरान ज्ञानमाला भजन खलः, त्रिरत्न ज्ञानमाला भजन खलः, र हिरण्य वर्ण तारेमाम ज्ञानमाला भजन खलः आदि बाट भजन प्रस्तुत गरिएको थियो । असार ३१ गतेका दिन भौतिक योजना तथा निर्माण मन्त्री माननीय श्री बुद्धिमान तामाङ्गको प्रमुख आतिथ्यमा उक्त वार्षिकोत्सवको समापन समारोह सम्पन्न गरिएको थियो ।

बनेपा बाल आश्रमका बाल बालिकाहरूद्वारा स्वागत गान गाइएको उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविर समक्ष पञ्चशील प्रार्थना गरिएको थियो । त्यसपछि भिक्षु कुमार काश्यपले मंगलपाठ गर्नुभएको थियो भने लामा गुरु रिम्पोछेले पनि मंगल वाचन गर्नुभई पं. बद्री गुरुजुले स्वस्ति वाचन गर्नुभएको थियो । संघका अध्यक्ष जुजुभाई शाकयले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा माननीय मन्त्री बुद्धिमान तामाङ्गले दीप प्रज्ज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । श्याम कृष्ण मानन्धरले संचालन गर्नुभएको उक्त कार्यक्रममा धम्मवती गुरुमांको जन्मोत्सवको उपलक्षमा माननीय मन्त्रीज्यूबाट भिक्षु अश्वघोष, भिक्षु कुमार काश्यप र भिक्षुणी धम्मवतीलाई चीवर दान गरिएको थियो ।

यसरी नै थेरवाद, बज्रयान गुरुजु, महायान, कविवर, संगीतकार, बौद्ध विद्वान, समाजसेवीका साथै आधा शताब्दी भन्दा बढि बौद्ध धर्म सम्वन्धी सेवा गरि सकेका व्यक्तित्वहरूलाई माननीय मन्त्रीज्यूबाट कदर पत्र प्रदान गर्नु भएको थियो ।

यसको साथसाथै उत्कृष्ट भजन प्रस्तुत गर्ने ज्ञानमाला भजन संघहरूलाई पनि माननीय मन्त्रीज्यूबाट कदर पत्र प्रदान गर्नुभएको थियो ।

उक्त कार्यक्रममा बौद्ध ज्ञान चेतना संघका सचिव श्री मन्जीर चित्रकारबाट संघको उद्देश्य प्रस्तुत गर्नु भएपछि सम्मानिय राजपरिषदका सदस्य श्री बुद्धिराज बज्राचार्यज्यू लगायत अनय विभिन्न बौद्ध विद्वानहरूबाट पनि मन्तव्य व्यक्त गरिएको थियो ।

माननीय मन्त्री श्री बुद्धी मान तामाङ्गले आफ्नो मन्तव्य व्यक्त गर्नु हुदै भन्नुभयो" हामी बौद्धहरूले त्रिशरण गमन (बुद्ध, धर्म र संघको शरण जाने) विषयको अर्थ बुझ्न जरुरी छ। **बुद्धं शरणं** गच्छामी भनी बुद्धको शरणमा जानु, भन्नु नै बुद्ध शिक्षालाई ग्रहण गर्नु हो । **धम्मं शरणं गच्छामि** भन्नु नै धर्मलाई आफ्नो आचरण र बानी व्यवहारमा प्रयोग गर्नु हो। संघं शरणं गच्छामी भन्नु नै संघ संस्थालाई सुदृढ एवं संगठित बनाउनु हो ।"

कार्यक्रमको अन्त्यमा संघका कार्यकारिणी सदस्य श्री बिकास रत्न बज्राचार्यबाट धन्यवाद ज्ञापन गर्नुभई कार्यक्रम समापन गरिएको थियो । ■

## यो पनि जान्नु पर्ने कुरा...

### छोरी मात्र भएका चौध दम्पत्ती सम्मानित

"हेटौंडा । छोरा नभई स्वर्गको ढोका खुल्दैन" भन्ने सामाजिक अन्धविश्वासलाई चुनौति दिंदै एक वा दुई छोरी मात्र जन्माउने मकवानपुरका चौध दम्पत्तीलाई जिल्ला विकास समितिले नगद पुरस्कार सहित सम्मानित गरेको छ ।

नेपालमा नै पहिलोपटक जिविस मकवानपुरले सम्पन्न गरेको यस कार्यक्रममा जिविसका निवर्तमान सभापति रामेश्वर रानाले विकास सम्वन्धी नवीन अवधारणाको विकास गर्न जिविसले यस्तो लोककल्याणकारी निर्णय गरेको बताउनुभयो । आदर्श दम्पत्तीहरूलाई स्थानीय विकास अधिकारी बच्चेलाल रायले प्रशंसापत्र, दोसल्ला र प्रतिपरिवार एकहजार नगद प्रदान गर्नुभएको थियो । जिविसको दशौं जिल्ला परिषदले एक वा दुई छोरी मात्र जन्माउनेलाई "आदर्श दम्पत्ती" पुरस्कार दिने निर्णय गरेको थियो । *(साभार- नेपाल समाचार पत्र)*

### पानी आयो, मन्दिर बनाइयो विद्यालय ढल्नै लाग्दा पनि बनेन

धादिङ जिल्लाको विकट उत्तरी गाउँ कटुन्जेको चरङ्गेमा स्थानिय श्रमदानबाट मन्दिर निर्माण गरिएको छ तर जीर्ण भएर ढल्न लागेको शान्ति प्रावि प्रति कसैले पनि वास्ता गरेका छैनन् ।

२०४६ सालमा स्थापित सो प्राविमा १ सय ५५ विद्यार्थी अध्ययन गर्छन्, जहाँ एउटा मात्र शिक्षकको दर वन्दी रहेको कुरा शिक्षक चन्द्रबहादुर अधिकारीले बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डिलबहादुर गुरुङ भन्छन्– "पानी आयो, मन्दिर बनाइयो, तर विद्यालय ढल्नै लाग्दा पनि बनेन ।" विद्यालय भवन जीर्ण भएकाले लडेर थिच्ला जस्तो भइसक्दा पनि कसैको ध्यान जान नसक्दा विद्यार्थीहरू विद्यालय छाडेर खुल्ला आकाशमुनी बसेर पढ्न बाध्य छन् ।

गाउँको मिलन टोलमा पशुपतिको मन्दिर बनाउन जनश्रमदान र चन्दा प्रशस्त उठ्यो, विद्यालय बनाउन चन्दा माग्दा, श्रमदानको लागि अनुरोध गर्दा "त्यो त सरकारको काम" भनेर सहयोग प्राप्त नभएको गुनासो व्यवस्थापन समितिको रहेको छ ।

आठसय जनसंख्या रहेको चरङ्गे गाउँमा १ सय ३७ घर रहेका छन् । जर्मन नेपाल सहयोग संघ, भू.पू. भारतीय गोरखा सैनिक कल्याण कोषको सहयोगमा १९ धारा रहेको खानेपानी योजना सम्पन्न भएको छ । खानेपानी बनाइदिने दातृसंस्थाले विद्यालय पुनर्निर्माण गरिदिने तर्फ चासो नदेखाएकोमा पनि स्थानिय उपभोक्ताहरू दुःख व्यक्त गर्दछन् ।

तामाङ र गुरुङ समुदायको बस्ती रहेको चरङ्गे गाउँमा विकासका पूर्वाधारहरू केही पनि बन्न सकेका छैनन् । "४/५ महिना भन्दा बढि समय खान नपुग्ने यहाँका वासिन्दाले सहयोग गरेर विद्यालय चलाउन सक्दैनन्" अध्यक्ष गुरुङ बताउँछन् ।

विद्यालयको कोटा (शिक्षक दरबन्दी) थप्नुपर्ने, भवन मर्मत संभार र भौतिक सामग्रीको माग गरी जिल्ला शिक्षा कार्यालय जाँदा पनि बेवास्ता गरेको गुनासो गुरुङको रहेको छ ।

चरङ्गेको गरिब बस्तीमा रहेको एउटा मात्र प्राविलाई समयमै मर्मत संभार नगर्ने हो भने अर्को वर्ष अवशेष नै खोज्नुपर्ने अवस्था पुग्नेछ । *(साभार- नेपाल समाचार पत्र)*

---

### बृद्ध-बृद्धा सम्मान समारोह

२०६० आषाढ २९ गते । श्री बोधिसत्त्व विहार, संखुवासमा चैनपुर ।

श्री चन्द्रज्योती शाक्यको संयोजकत्त्वमा र धर्मचक्र दिवसको उपलक्षमा शीलप्रार्थना, बुद्धपूजा र बृद्ध बृद्धाहरूको सम्मान कार्यक्रम सम्पन्न गरिएको समाचार छ । सुमन ताम्राकारले संचालन गर्नुभएको उक्त कार्यक्रम पुष्पलाल शाक्यको सभापतित्वमा र भूपेन्द्र राईको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा पद्म शाक्यले वृद्ध बृद्धा सम्मान गतिविधि बारे प्रकाश पार्नुभएको थियो भने गंगा शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कुलबहादुर बज्राचार्य, गोविन्द मान शाक्य, कृष्ण प्रसाद तुलाधर, श्रीमती बालकुमारी तुलाधर, टंक बहादुर श्रेष्ठ र श्रीमती अम्बा देवी श्रेष्ठ आदि वयोवृद्ध महानुभाववरूलाई प्रमुख अतिथीज्यूबाट दोसल्ला ओढाई सम्मान गरि एको उक्त कार्यक्रममा सम्मानित व्यक्तिरू मध्येबाट तीन जना गोविन्दमान शाक्य, कृष्ण प्रसाद तुलाधर र टेक बहादुर श्रेष्ठले प्रतिव्यक्ति रु. २५०/- का दरले जम्मा रु ७५०।- रुपैयाँ श्री बोधिसत्त्व विहारका अध्यक्ष श्री चन्द्र ज्योती शाक्यलाई चन्दा प्रदान गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

## २५९२ औं धर्मचक्र दिवस

२०६० असार ३० गते, सोमवार । स्थान- भक्तपूर ।

बौद्ध संघ भक्तपुरको आयोजनामा भक्तपूरमा २५९२ औं धर्मचक्र प्रवर्तन दिवस प्रभातफेरी कार्यक्रम संचालन गरी सम्पन्न गरिएको समाचार छ । उक्त कार्यक्रममा दीपंकर गुंला बाजं खलः, छुमा गणेश धिमय् बाजं खलः र बाँसुरी बाजा खलःका विभिन्न बाजा गाजा सहित स्थानिय मैत्रय युवा संघ, युवा बौद्ध पुचः, प्रगति बौद्ध संघ आदि बौद्ध संघका सदस्यहरूले भाग लिनु भएका थिए । भिक्षु धम्मशोभन महास्थविरको उपस्थितिमा संचालित उक्त कार्यक्रममा थुप्रै उपासकोपासिकाहरू सहभागी रहनु भएको कुरा थाहा हुन आएको छ ।

स्मरणिय छ, आषाढ पूर्णिमाको पावन दिन सिद्धार्थको गर्भ प्रवेश, गृहत्याग र बुद्धले अभिधर्म देशना गर्नुभएको दिन आदि बुद्धकालिन महत्त्वपूर्ण घटनाहरूको संयोग सहितको दिन हो ।

**स्थान- काठमाडौं ।** २५९२ औं धर्मचक्र प्रवर्तन दिवस समारोह समिति महाबौद्धको आयोजनामा २५९२ औं धर्मचक्र प्रवर्तन दिवस भव्यरूपले मनाइएको समाचार छ । ज्ञानमाला भजन बुद्ध पूजा, धर्मदेशना आदि कार्यक्रम सम्पन्न गरी बुद्ध मूर्ति सजाई नगर परिक्रमा गरिएको थियो । उक्त दिन बुद्धपूजा पछि, भिक्षु अश्वघोष महास्थविर र भिक्षु भद्रियले धर्मदेशना गर्नुभयो ।

**स्थान- नगदेश ।** नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुचः नगदेशको संयुक्त आयोजनामा नगदेश बुद्ध विहारको धम्महलमा बुद्धपूजा, पञ्चशील, प्रार्थना, धर्मदेशना गरी २५९२ औं धर्मचक्र प्रवर्तन दिवस मनाइएको समाचार छ । उक्त कार्यक्रम पश्चात् धिमे वाजा नगदेश ज्ञानमाला भजन खलः लगायत थुप्रै उपासकोपासिकाहरू सहित भगवान् बुद्धको मूर्ति खतमा राखी नगर परिक्रमा गरिएको थियो ।

## भिक्षाटन कार्यक्रम सम्पन्न

२०६० असार २४ गते । स्थान- नगदेश ।

नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुचः नगदेशको संयुक्त आयोजनामा श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर सहित अन्य सातजना श्रामणेर हरूबाट मध्यपुर - थिमि नगरमा भिक्षाटन कार्यक्रम सम्पन्न गरिएको छ । प्राप्त समाचार अनुसार भिक्षाटन कार्यक्रम पश्चात् नगदेश बुद्ध विहारको धम्महलमा बुद्धपूजा भिक्षु वरसम्बोधि समक्ष पञ्चशील प्रार्थना र उहाँबाट धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको थियो । कृष्ण कुमार प्रजापतिले स्वागत भाषण गर्नु भएको उक्त कार्यक्रममा उहाँले भिक्षाटनमा सरिक हुनुभएका श्रद्धेय भिक्षु र श्रामणेरहरू प्रति कृतज्ञता जाहेर गर्नुभएको थियो । भिक्षाटनबाट नगद सहयोग रु. ४,३००।- र चामल ७५ पाथी प्राप्त भएको कुरा समाचारमा उल्लेख गरिएको छ ।

## जन्मोत्सव सम्पन्न

२०६० श्रावण २ गते, शुक्रवार । सुलक्षण कीर्ति विहार, चोभार, काठमाडौंको आयोजनामा, सुलक्षण कीर्ति विहार चैत्य स्थापना र अनोजा गुरुमांको ४४ औं वर्षिय जन्मदिनको उपलक्षमा भिक्षु महासंघको तर्फबाट महापरित्राण पाठ सम्पन्न गरिएको छ । ज्ञानमाला भजन, बुद्धपूजा धर्मदेशना दानप्रदान आदि विभिन्न कार्यक्रम पनि समावेश भएको उक्त विभिन्न कार्यक्रममा बुद्धको ४ प्रकार का पवित्र अस्ति धातु पनि दर्शनार्थ राखिएको थियो ।

## भिन्तुना व सिरपाः

२०६० जेठ २४ गते । स्थान- बौद्ध जन विहार, सुनागुठी ।

बौद्ध जन विहार सुनागुठी निर्माण जूगु खुदँ फुनाः न्ह्यं क्यंगु बुद्धिया उपलक्षे यल देया बौद्ध विहार संघया नायो व निवर्तमान ल.पु. उप महानगर पालिकाया मेयर भाजु बुद्धिराज बज्राचार्यजुयात **श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकार** पाखें राज परिषदया (आजीवन) दुजःले दुथ्याका बिज्याःगु लसताय् वय्कयात भिन्तुना व सिरपाः देछायगु ज्या जुल । विहारया कजी भाजु श्याम महर्जनया सभापतित्वे न्ह्याःगु उगु ज्याझ्वले श्रामणेरपिं व विहारया धर्मानुशासक कुशुम गुरुमांपाखें पञ्चशील प्रार्थना याका बिज्यातसा विहारया उपाध्यक्ष भाजु ज्ञानकुमार महर्जनजुं लसकुस न्वचू बियादिल । अथेहे विहारया नायो भाजु तुलसीलाल महर्जनपाखें विहारया गतिविधि न्यंकादिलसा विहारया सल्लाहकार भाजु शाक्य सुरेन व उपासक देवेन्द्र बज्राचार्यजुं बौद्ध परियत्ति विषयले थःथःगु नुगःखँ प्वंकादिल ।

सम्माननीय भाजु बुद्धिराज बज्राचार्यजुं नेपाल बौद्ध परियत्ति शिक्षाय् बौद्ध जनविहार सुनागुठी केन्द्र पाखें उत्तीर्ण जूपिं ३२ म्ह ब्वनामिपिन्त प्रेरणा पुरस्कार लःल्हाना दीगु उगु ज्या झ्वले वय्कलं बौद्ध परियत्ति ब्वनामिपिन्त बौद्ध धमे न्ह्यब्वाकेगु निंती निदो दां व विहार दय्क्यगु ज्या पूवंकेगु निंती फक्को गुहाली यायुगु नुगः खँ नं कनादिल । बौद्ध परियत्ति ब्वनामिपिन्त पुरस्कार बीगु निंती विभिन्न आवश्यक सामानत बियाः गुहाली यानादीपिं दातापिनिगु नां थुकथं उल्लेख जुयाच्वंगु दु– नेमबहादुर शाक्य, तेजलक्ष्मी शाक्य, तुलसीलाल महर्जन आदि ।

# पञ्चवीरसिंह पुरस्कार प्रदान

२०६० असार २८ गते, शनीवार ।

सन्ध्या टाइम्स दैनिक पत्रिकामा प्रकाशित बुद्ध धर्म सम्बन्धि उत्कृष्ट लेखलाई वर्षको एकपटक दिईदै आइरहेको पञ्चवीरसिंह पुरस्कार बु.सं. २५४६ को लागि ब.आ. राजा बज्राचार्य र रीना तुलाधरलाई प्रदान गरिएको समाचार छ ।

भिक्षु बोधिज्ञान समक्ष पञ्चशील प्रार्थना गरिएको उक्त कार्यक्रम युवा बौद्ध समूहका अध्यक्ष शान्तरत्न शाक्यको सभापतित्त्वमा सम्पन्न भएको थियो ।

कार्यक्रममा निर्णायक समूहको तर्फबाट डा. केशरी मानन्धर, सन्ध्या टाइम्सका सम्पादक सुरेश मानन्धर, पुष्प रत्न ताम्राकार लगायत पुरस्कार बिजेताहरूले पनि आ-आफ्ना मन्तव्य व्यक्त गर्नु भएका थिए ।



"पञ्चवीर सिंह" पुरस्कार विजेता रीना तुलाधर र राजा बज्राचार्य लाई प्रमाणपत्र प्रदान गर्नुहुँदै धम्मवती गुरुमाँ

युवा बौद्ध समूहको आयोजनामा संचालित उक्त कार्यक्रम भिक्षुणी धम्मवतीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । उहाँले दुबै सफल लेखक लेखिकालाई प्रमाण पत्र प्रदान गर्नुभएको थियो भने दाता पञ्चवीर सिंह तुलाधरले नगद पुरस्कार र चीनो प्रदान गर्नुभएको थियो ।

पञ्चवीरसिंह पुरस्कारमा प्रदान गरिएको प्रतिब्यक्ति नगद पुरस्कार रु. १३६५७ लाई पुरस्कार बिजेता रीना तुलाधरले युवा बौद्ध समूहको जागरण कार्यक्रम र सन्ध्या टाइम्स पत्रिकालाई गरी आधा आधा रकम प्रदान गर्ने निर्णय गर्नुभएको कुरा थाहा हुन आएको छ ।

# हेटौंडामा बुद्ध पूर्णिमा महोत्सव

२०६० जेठ २ गते ।

ढिलोगरी प्राप्त समाचार अनुसार हेटौंडा स्थित प्रज्ञा महाविहार र मकवानपुर बज्राचार्य शाक्य ल्यायम्ह पुच:को संयोजकत्त्वमा हेटौंडामा हर्षोल्लासपूर्वक २५४७ औं बुद्धपूर्णिमा महोत्सव मनाइएको समाचार छ । सप्ताहव्यापी रूपले मनाइएको यस कार्यक्रममा प्रज्ञा महाविहारको परिसरमा सरसफाई, ज्ञानमाला भजन, बुद्धपूजा, दीपावली, रक्तदान र बुद्ध प्रतिमा सजाई नगर परिक्रमा गरी मनाइएको थियो ।

काठमाडौं स्थित धर्मकीर्ति बसुन्धरा विहार र धर्मकीर्ति विहारबाट पाल्नु भएका कुशुम गुरुमां र सुप्रिया गुरुमांको प्रमुख आतिथ्यमा, प्रज्ञा महाविहारका अध्यक्ष श्री मोहन बज्राचार्यको अध्यक्षतामा सम्पन्न गरिएको उक्त कार्यक्रम विहारका सचिव तथा मकवानपुर बज्राचार्य/शाक्य ल्यायम्ह पुच:का सल्लाहकार पवन शाक्यले सञ्चालन गर्नुभएको थियो ।

उक्त कार्यक्रममा विहारका आदरणिय अग्रजज्यूहरू श्री बुद्धरत्न शाकय तथा श्री न्हुच्छे रत्न शाक्यलाई सम्मान गरिएको थियो । प्रज्ञा ज्ञानमाला भजन खल:का अध्यक्ष श्री गुणराज शाक्यबाट स्वागत मन्तव्य दिनु भएको उक्त कार्यक्रममा कुशुम गुरुमांले धर्मदिशना गर्नुभई परित्राण पाठ पनि गर्नुभएको थियो । रक्तदान गर्नुहुने २७ जना महानुभावहरूलाई कुशुम गुरुमांबाट प्रमाण पत्र प्रदान गरिएको थियो भने मकवानपुर बज्राचार्य/शाक्य ल्यायम्ह पुच:का उपाध्यक्ष श्री धीरेन्द्र शाक्यबाट पुच:को गतिविधि र उद्देश्य पेश गर्नु भएको थियो ।

अन्त्यमा सभापति श्री मोहन बज्राचार्यबाट धन्यवाद ज्ञापन गर्नुभई सभा विसर्जन गरिएको थियो ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं । फोन : ४४३४८५०, ४४३४७५३, फ्याक्स : ४४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : ४२५९०३२, ४२५९४५०, फ्याक्स : (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital